पूर्वअमेरिकी राष्ट्रपति विरूद्ध फौजदारी अभियोग | पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

वर्ष २५ • अंक ३०४ • २०७९ साल चैत १८ गते शनिबार (1 April, Saturday, 2023) • पृष्ठ ८ • मूल्य रु. ५।-

मिटरब्याजी विरुद्ध धनुषा प्रशासन कडा

टुडे समाचारदाता

जनकपुरधाम ।मिटरब्याज पीडितहरुले संघीयराजधानीकाठमाण्डुमा आन्दोलन गरिरहेका बेला धनुषा प्रहरीले तीन जना मिटरब्याजीलाई शुक्रवार पक्राउ गरेको छ।

धनुषा प्रहरीले ऋणीसँग रकम लिइसके पनि सम्पत्ति फिर्ता नगरेको आरोपमा तीन जनालाई पक्राउ गरेको छ।

'ऋणी र साहुकारबीच सहमतिमा लेनदेनको विषय टुंग्याउनेलाई कारबाही गरिएको छैन्' उनले भने, तर कानून बनेपछि मिटरब्याजीहरुलाई कडा कारबाही हुनेछ।

सबैला नगरपालिका-२ का ३६ वर्षीया पुनिता देवी यादव, सोही ठाउँका ४० वर्षीय बुदुलाल यादव र जनकपुरधाम उपमहानगरपालिका–२४बसहियाका ३५ वर्षीय श्रवण दासलाई पक्राउ गरिएको धनुषाका प्रहरी नायव उपरीक्षक (डिएसपी) वेदप्रसाद गौतमले जनाएका छन्।

उनीहरु विरुद्ध जिल्ला प्रशासन कार्यालय धनुषामा उजुरी परेको डीएसपी गौतमले जनाए। सोही उजुरीको आधारमा पक्राउ गरी अनुसन्धान शुरु गरिएको उनले बताए।

धनुषामा ५ सय मिटरब्याज पीडितले साहु विरुद्ध उजुरी गरेका छन्। प्रहरीले दुबै पक्षलाई छलफल गराइ मिलापत्र पनि गराउने गरेका छन् भने ऋणीको सम्पत्ति आवश्यकता भन्दा बढी कब्जा गरेका साहुहरुलाई नियन्त्रणमा पनि लिइ मुद्दा अगाडि बढाइरहेका छन्।

धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले मिटरब्याज सम्बन्धी कारबाही चलाउने कानूनको अभाव रहे पनि ज्यादती गरी अनुचित रुपमा रकम असुली गर्नेहरुलाई ठगी मुद्दामा समेत कारबाही चलाइने बताएका छन्।

'ऋणी र साहुकारबीच सहमतिमा लेनदेनको विषय टुंग्याउनेलाई कारबाही गरिएको छैन्' उनले भने, तर कानून बनेपछि मिटरब्याजीहरुलाई कडा कारबाही हुनेछ।

मिटरब्याजको चर्को समस्या काठमाण्डु लगायतका ठूला शहरहरुमा भने विकराल रहेको बताइन्छ ।तर मधेशमा मर्कामा विपन्न वर्ग बढी परेका छन्।

तीन महिनामा सात पटक मन्त्रिमण्डल पुनर्गठन

अझै पूर्णता पाएन् सरकार, दलहरुमा मन्त्रीका लागि रस्साकस्सी

टुडे समाचारदाता

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड' नेतृत्वको सरकार तीन महिनामा ७ पटक पुनर्गठन हुँदा पनि सरकारले पूर्णता पाएको छैन् ।पछिल्लो पटक विस्तार गरिएको मन्त्रिमण्डलका सदस्यहरुलाई राष्ट्रपति रामचन्द्र पौडेलले शुक्रवार पद तथा गोपनीयताको शपथ गराएका छन् ।

प्रधानमन्त्री दाहालले बिहान मन्त्रिपरिषद् विस्तार गरेका थिए। नेपाली कांग्रेस, नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी (जसपा), लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र नागरिक उन्मुक्ति पार्टी (नाउपा) लाई समेटेर प्रधानमन्त्री प्रचण्डले मन्त्रिपरिषद् पुनर्गठन गरेका हुन्।

शपथ ग्रहण गर्नेहरुमा कांग्रेसबाट उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्का, अर्थमन्त्री डा प्रकाशशरण महत, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजाल र सहरी विकासमन्त्री सीता गुरुङ छन्।



कांग्रेसको कोटामा ८ वटा मन्त्रालय परे पनि ४ जना मन्त्री नियुक्त हुन बाँकी छ ।कांग्रेसमा डा.शेखर कोइराला गुटले सम्मानजनक हिस्सेदारी खोजेका कारण अन्य मन्त्रीहरुको नाममा सहभागी हुन सकेको छैन्।

मन्त्री बनेका ४ जना संस्थापन पक्षका हुन्। डा.कोइराला लगायतका गुटले मन्त्रीको नाम सिफारिसमा विवाद उठाएपछि कांग्रेस सभापति शेरबहादुर देउवाले आफ्ना निकटका सांसदहरुलाई सरकारमा सहभागी गराएका छन्।

यस्तै, नेकपा(माओवादी केन्द्र)का शक्तिबहादुर बस्नेतले पनि शपथ लिएका छन्। उनले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको जिम्मेवारी पाएका छन्।माओवादीबाट उपप्रधान एवं भौतिक योजना मन्त्री रहेका नारायणकाजी श्रेष्ठको मन्त्रालय फेरिएको छ ।उनी अब उपप्रधान तथा गृह मन्त्री बनेका छन्।

नेकपा (एकीकृत समाजवादी)का तर्फबाट कृषि तथा पशुपन्क्षी विकासमन्त्रीका रुपमा वेदुराम भुसाल र भौतिक पूर्वाधार तथा यातायात व्यवस्थामन्त्रीका रुपमा प्रकाश ज्वालाले शथप लिएका छन्।

जसपाका तर्फबाट शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीमा अशोक राईले पद तथा गोपनीयताको शपथ लिएका छन् ।जसपाको भागमा २ मन्त्रालय परेको छ ।मन्त्री तोक्ने जिम्मेवारी पाएका अध्यक्ष उपेन्द्र यादवले राईलाई सरकारमा पठाए पनि अर्का सांसदलाई मन्त्री बनाएका छैनन् ।स्रोतहरुका अनुसार बारा जिल्लाको उपनिर्वाचनपछि मात्र अर्का मन्त्रीको नाम सिफारिस हुनेछ ।एकजना राज्यमन्त्री पनि जसपाको भागमा परेको छ।

जसपाबाट मन्त्रीका दाबेदारहरु मध्ये राजकिशोर यादव, प्रदीप यादव, दीपक कार्की, वीरेन्द्र महतो, नवलकिशोर साह छन् ।उनीहरु मध्ये अध्यक्ष यादवले १ जनालाई मात्र मन्त्री बनाउन पाउने छन्।

लोसपाको तर्फबाट शरतसिंह भण्डारी श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री बनेका छन् । यो समेत उनी १२औं पटक मन्त्री बनेका हुन् ।लोसपाका अध्यक्ष महन्थ ठाकुर मन्त्री नहुने र अर्का वरिष्ठ नेता राजेन्द्र महतो र नेता अनिलक कुमार झा चुनाव हारिसकेकाले भण्डारीलाई मन्त्री बन्न सहज भएको हो।

यस्तै, नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रञ्जिता श्रेष्ठ चौधरीले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रीको रुपमा शपथ लिएकी छन् । यसैगरी, नेपाल समाजवादी पार्टी (नेसपा)का महिन्द्रराय यादवले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीको रुपमा शपथ लिएका छन्।

नेसपा पार्टीबाट यादव एक्लै निर्वाचित भएका सांसद हुन् ।उनी माओवादी कै चुनाव चिन्हमा निर्वाचित भए पनि नेसपाका अध्यक्ष हुन् ।प्रतिनिधि सभामा नेसपाबाट एक्ला सांसद रहेकाले उनी मन्त्री हुने अवसर पाएका छन् ।एमालेसितको गठबन्धनबाट प्रचण्ड प्रधानमन्त्री भएको बेला यादवलाई सरकारमा सहभागी गराइएको थिएन्।

राष्ट्रपति कार्यालय शीतल निवासमा आयोजित विशेष समारोहमा राष्ट्रपति पौडेलले उपप्रधानमन्त्री एवम् मन्त्रीहरुलाई शपथ गराएका हुन्। शपथग्रहण समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, कायममुकायम प्रधानन्यायाधीश हरिकृष्ण कार्की, संवैधानिक निकायका प्रमुख, वरिष्ठ सञ्चारकर्मीलगायतको सहभागिता थियो।

जनमतका मन्त्रीद्वारा राजीनामा

टुडे समाचारदाता

काठमाण्डु ।प्रधानमन्त्री प्रचण्ड नियुक्त भएसँगै सरकारमा सहभागी जनमत पार्टी शुक्रवार बाहिरिएको छ ।जनमत पार्टीका खानेपानी मन्त्री अब्दु खानले पदबाट राजीनामा दिएका हुन् । मन्त्रिमण्डल पुनर्गठनमा जनमतले २ मन्त्री अथवा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय चाहेका थिए।सरकारमा सहभागी भएदेखि नै जनमतका अध्यक्ष सीके राउतले २ मन्त्रालय अथवा उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय चाहेका थिए।

पर्याप्त मात्रामा आयोडिन नपाउँदा हुन सक्छन् निम्न असरहरू

- गलगाँड आउने
- गर्भावस्थामा समस्या देखिने : गर्भ तुहिने वा मृत शिशु जन्मने हुन सक्छ
- मानसिक र बौद्धिक क्षमतामा कमी आउने
- शिशुको दिमागको विकास राम्रो सँग नभई जन्मने
- सुस्तमनस्थिती हुने र बौद्धिक क्षमता कमी हुने
- काम गर्न सक्ने क्षमतामा कमी आउने र आलस्यपन आउने

त्यसैले खानामा आयोडिन मिसाएको नून खानु नै एक मात्र सरल उपाय हो ।

मानसिक फूर्ति शारीरिक शक्ति आयोडिनयुक्त नून

"थोरै खाऔं, सही मात्रामा खाऔं,
दुई बालबालिकाको चिन्ह अंकित आयोडिन युक्त नून नै खाऔं"

धनौजी गाउँपालिका
धनौजी, धनुषा, मधेश प्रदेश

डेंगी भाइरसको संक्रमणबाट बच्ने उपायहरू

सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं

डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।



थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।

डेंगीका मूख्य लक्षणहरू

उच्च ज्वरो आउनु

जोर्नी र मांशपेशीहरु बेस्सरी दुख्नु

आँखाको गेडी दुख्नु

बेस्सरी टाउको दुख्नु

शरीरमा राता बिमिराहरु आउनु

वाकवाकी लाग्नु वा वान्ता हुनु

डेंगीका लक्षणहरू देखिएमा के गर्ने ?

स्वास्थ्य संस्थामा गई चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिने ।

घरमै बसेर उपचार गर्ने सल्लाह दिएमा ज्वरो घटाउनका लागि र जीउ दुखेको कम गर्नको लागी प्यारासिटामोल बाहेक ब्रुफिन र एस्प्रिन जस्ता अन्य औषधीको सेवन नगर्ने ।

अस्पताल भर्ना हुन सल्लाह दिएमा तुरून्त भर्ना हुने ।

(*चिकित्सकको सल्लाह नलिईकन कुनै पनि औषधी सेवन नगर्ने)

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरू र पानी राख्ने भाडाँहरू खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।

शहीदनगर नगरपालिका
यदुकूहा, धनुषा, मधेश प्रदेश

पोखरामा एसियन कप ट्रायथलनको तयारी पूरा

कास्की । पर्यटकीय सहर पोखरामा आज (शनिबार) देखि सुरु हुने एसियन कप तथा दक्षिण एसियन ट्रायथलन च्याम्पियनसीपको सम्पूर्ण तयारी पूरा भएको छ । प्रतियोगितामा प्रतिस्पर्धा गर्न नेपालसहित विदेशबाट खेलाडी तथा प्राविधिक पोखरा आइपुगेका छन् ।

नेपाल ट्रायथलन सङ्घको आयोजनामा हुने च्याम्पियनसीपमा लेकसाइडमा ट्रायथलनको 'स्प्रिन्ट' विधामा प्रतिस्पर्धा हुनेछ । फेवा तालमा सात सय ५० मिटर पौडी, २० किलोमिटर साईक्लिङ र पाँच किलोमिटर दौड हुनेछ ।

पौडी फेवा तालमा गराइने छ । दौड आम्बोट-सहिद चोक, ड्यामसाईड राष्ट्र बैंक चोक हुँदै-आम्बोटमा पुगेर टुङ्गिने रुट तय गरिएको छ । महिला तथा पुरुष दुवै स्पर्धामा प्रतिस्पर्धा हुने छ । दुवाथोलनमा पाँच किलोमिटर दौड, २० किलोमिटर साइक्लिङ र साढे दुई किलोमिटर दौडको दुवाथलन हुनेछ ।

च्याम्पियनसीपमा पुरुषतर्फ नेपालसहित लक्जम्बर्ग, उज्वेकिस्तान, जापान, उरुग्वे, अष्ट्रिया, अष्ट्रेलिया, कजाकिस्तान, स्लोभाकिया, युएई, प्यालेस्टाइन, न्यूजिल्याण्ड र भारतका गरी १२ देशका ४७ खेलाडीले उपाधिका लागि प्रतिस्पर्धा गर्ने सङ्घका अध्यक्ष निलेन्द्रराज श्रेष्ठले जानकारी दिनुभयो । महिलातर्फ जापान, रोमानिया, स्लोभाकिया, उज्वेकिस्तान, मरिसस, अल्जेरिया, भारत र नेपालका गरी आठ देशका १६ खेलाडीले प्रतिस्पर्धा गर्नेछन् । शनिबार पहिलो दिन ट्राइथालन र दोस्रो दिन १९ गते दुवाथलनको प्रतिस्पर्धा हुनेछ ।

ट्रायथलनमा महिला/पुरुष उपाधि विजेताले मेडल, प्रमाणपत्रका साथ छ सय ३० डलर प्राप्त गर्नेछन् । यसैगरी द्वितीय हुनेले पाँच सय २५ डलर, तृतीयले चार सय २० डलर, सान्त्वनाले तीन सय १५ डलर र पाँचौं हुनेले दुई सय १० डलरका साथ मेडल र प्रमाणपत्र प्राप्त गर्ने आयोजकले जनाएको छ । रासस

पत्रकारमैत्री कानून बनाउने विषयमा पहल गर्ने प्रतिबद्धता

काठमाण्डु । प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले पत्रकारमैत्री कानून बनाउने विषयमा पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

रिपोर्टर्स क्लब नेपालको २५औं वार्षिकोत्सव (रजत महोत्सव) को अवसरमा यहाँ आज आयोजित कार्यक्रममा उहाँले भन्नुभयो, "मिडिया र सञ्चारको क्षेत्रमा ठूलो प्रगति भएको छ, यसको भूमिका अब प्रणालीलाई विकास गर्ने कुरामा एउटा चुनौती आएको छ ।"

उहाँले आफू करिब चार दशक राजनीतिमा सक्रिय हुँदा वाक स्वतन्त्रताको पक्षमा वकालत गरेको स्मरण गर्नुभयो । सभामुख घिमिरेले समाजलाई परिवर्तनको दिशामा अघि बढाउने सन्दर्भमा क्लबले ठूलो भूमिका निर्वाह गरेको भन्दै क्लबको प्रशंसा गर्नुभयो । उहाँले भन्नुभयो, "क्लबले वाक स्वतन्त्रतादेखि जनताले सूचना पाउने अधिकारको विषयमा धेरै ठूलो योगदान गरेको छ, क्लबका आउँदा दिन अझ प्रगतिमा जाओस् भन्ने शुभकामना दिन्छु ।"

नेकपा (एकीकृत समाजवादी) का सम्मानित नेता तथा पूर्वप्रधानमन्त्री झलनाथ खनालले नेपालले सन्तुलित परराष्ट्र नीति लिनुपर्ने सुझाव दिनुभयो । उहाँले संविधान निर्माणपछिको युगमा प्रवेश गरेपछि समृद्ध मुलुक बनाउनका लागि प्रतिबद्धता जनाए पनि ठूला दलले त्यो काम गर्न नसकेको टिप्पणी गर्नुभयो । नेता खनालले नेपालको आर्थिक क्षेत्र भयावह अवस्थामा रहेको विश्लेषण गर्दै वर्तमान सरकारसामु धेरै चुनौती रहेको बताउनुभयो । रासस

महिलाको चरित्र हत्या गर्ने तीन महिला पक्राउ

काठमाण्डु । महिलाकै चरित्रहत्या गरेको आरोपमा प्रहरीको साइबर ब्यूरोले तीन महिलालाई छुट्टाछुट्टै ठाउँबाट पक्राउ गरी अनुसन्धान थालेको छ ।

आफ्नो पूर्वप्रेमीसँग भएको गोप्य कुराकानी तथा फोटा आफ्नो हुने वाला श्रीमान्को म्यासेञ्जरमा पठाई चरित्रहत्या गरेको आरोपमा ब्यूरोले जुम्ला घर भई हाल काठमाडौंको नेपालटार बस्ने १९ वर्षकी देवकी न्यौपानेलाई पक्राउ गरेको छ ।

पीडितको जाहेरीपछि ब्युरोले गरेको अनुसन्धानमा उक्त कार्यमा संलग्न रहेको पाइएपछि न्यौपानेलाई पक्राउ गरिएको ब्यूरोका प्रहरी उपरीक्षक पशुपतिकुमार रायले जानकारी दिनुभयो । उनीमाथि विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गतको कसुरमा अदालतबाट आजै सात दिनको म्याद थप गरी अनुसन्धान थालिएको उहाँले बताउनुभयो ।

अर्को घटनामा अनलाइनबाट आफू र साथीको फोटो इडिट गरी फेसबुकमा सार्वजनिक गरेको भन्ने पीडितको आरोपमा काठमाडौंको कोटेश्वर बस्ने मुना त्रितालालाई पनि पक्राउ गरी कारबाही प्रक्रिया अघि बढाइएको प्रहरीले जानकारी दिएको छ ।

निवेदकको फेक प्रोफाइल बनाई अश्लील संवाद गर्नुका साथै सामाजिक सञ्जालबाट बदनाम गराउने गरी भिडियो प्रदर्शन गरेकाले अर्की एक महिलालाई पनि ब्यूरोले पक्राउ गरेर आज सार्वजनिक गरेको छ । पक्राउ गर्नेमा गोरखा घर भई काठमाडौंको बूढानीलकण्ठ बस्ने ३९ वर्षकी उर्मिला घिमिरे रहेकी छन् । तीनै वटा घटनामा अदालतबाट म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको ब्यूरोले जनाएको छ । रासस

सुराकीको नाममा खर्च गर्ने प्रणाली खारेज

काठमाण्डु । उपप्रधानमन्त्रीसमेत रहनुभएका नवनियुक्त गृहमन्त्री नारायणकाजी श्रेष्ठले मन्त्री र सचिवले सुराकीको नाममा खर्च गर्ने प्रणालीको खारेज गरेको बताउनुभएको छ । शुक्रबार गरिएको सूत्रपरिचालन कार्यविधि, २०७८ (सुराकीको नाममा गृहमन्त्री र सचिवले खर्च गर्ने प्रचलन) खारेजीको निर्णयलाई आगामी मन्त्रिपरिषद्मा प्रस्तावका रुपमा लैजाने उहाँले जानकारी दिनुभयो ।

मन्त्रालयमा कार्यभार सम्हालेपछि आज आयोजित समारोहलाई सम्बोधन गर्दै गृहमन्त्री श्रेष्ठले मिटरब्याजी पीडितको समस्या समाधानका लागि अधिकारसम्पन्न आयोग गठन गर्ने निर्णय पनि गरेको जानकारी दिनुभयो । यी दुवै प्रस्ताव आगामी बस्ने मन्त्रिपरिषद्मा पेशसमेत गर्ने उहाँले जानकारी दिनुभयो । "आज मैले पद बहाली गर्दा ती दुई विषयको फाइलमा हस्ताक्षर गरेको छु, दुईवटै विषय मन्त्रिपरिषद्मा प्रस्तावको रुपमा लगिने छ", उहाँले भन्नुभयो ।

आजको समयसमेतमा मिटरब्याजबाट पीडित हुनु भनेको सामन्तवादको अवशेष हो भन्दै उहाँले उनीहरूका समस्या समाधान गर्न आफू प्रतिबद्ध रहेकोसमेत बताउनुभयो । गृहमन्त्री श्रेष्ठले जेल सुधारका लागि ठोस एजेण्डा बनाएर अघि बढ्ने पनि प्रतिबद्धता जनाउनुभयो । उहाँले सुरक्षा निकायलाई कुनै पनि दबाब र प्रभावबाट मुक्त गरिने तथा पेशागत दक्षता वृद्धिमा ध्यान दिइने विश्वास दिलाउनुभयो ।

उहाँले गृह प्रशासनका अधिकारीलाई जनसेवालाई केन्द्र विन्दुमा राखेर काम गर्न निर्देशन पनि दिनुभयो । धनी, सम्भ्रान्त सजिलै प्रहरीको हाकिमकोमा पुग्न पाउने र निमुखाले न्याय नपाउने कुरा कुनै पनि हालतमा सह्य नहुने पनि उहाँले बताउनुभयो । सुरक्षा निकायको कार्यशैलीमा जनताको सेवा दिने गरी रुपान्तरण गर्न पनि आग्रह गर्दै निमुखाले सांसद वा पार्टीका नेतालाई समात्नुपर्ने कुरा गलत भएको बताउनुभयो ।

मन्त्री श्रेष्ठले भन्नुभयो, "कुनै समस्य भए बरु समाधान गरौंला तर विनम्रतापूर्वक अनुरोध गर्छु तर जनताको सेवामा खेलवार्ड नगर्नुहोस् ।" उहाँले राष्ट्रिय परिचयपत्र योजना कार्यान्वयन गरिरहेको र जुन आवश्यकता र औचित्यले बनाइएको हो, त्यसलाई पूर्णउपयोग गर्ने वातावरण बनाउन अन्य निकायसँगसमेत समन्वय गरी अघि बढाउनुपर्ने आवश्यकता रहेको औंल्याउनुभयो ।

उहाँले राष्ट्रिय परिचयपत्र बनाएर त्यसैले काम गर्नुपर्नेमा हरेक निकायमा फेरि ल्याप्चे लिनुपर्ने काम किन भइरहेको छ भनेर प्रश्न उठेकाले त्यसको औचित्य पुष्टि हुनेगरी ध्यान दिन आग्रह गर्नुभयो । मन्त्री श्रेष्ठले अध्यागमन विभाग र कार्यालयलाई व्यवस्थित प्रभावकारी र गुनासोबाट मुक्त गर्नुपर्ने पनि बताउनुभयो । उहाँले अर्थतन्त्रको अवैध कारोबार न्यून गर्नमा आफ्नो मन्त्रालयले ठूलो काम गर्न सक्छ भन्नुभयो ।

अवैध कारोबारलाई रोक्न ठोस र प्रभावकारी कदम चलाउने हो भने अर्थतन्त्रमा गृहको योगदान हुने गृहमन्त्री श्रेष्ठले दाबी गर्नुभयो । उहाँले मन्त्रालयको कार्य क्षेत्रले भ्याएसम्म समाधानतर्फ लाग्न निर्देशन पनि दिनुभयो । उहाँले सरकारले यसअघि गृहमार्फत गरेका सम्झौताको स्वामित्व लिँदै त्यसलाई कार्यान्वनय गर्न आफ्नो जिम्मेवार रहेको पनि बताउनुभयो ।

गृहमन्त्री श्रेष्ठले गृह प्रशासनका अधिकारीलाई जिमेवारी पूरा गरेर काम गर्न निर्देशन दिनुभयो । पदका आधारमा व्यक्तिलाई होच्याउने र त्योअनुसार सम्बन्ध विस्तार गर्ने काम नगर्न पनि निर्देशन दिनुभयो । राम्रो काम गर्दा अप्ठ्यारो पऱ्यो भने आफू साथमा रहने बताउँदै झुठ बोलेमा आफूलाई सैह्य नहुने पनि बताउनुभयो । रासस

ग्रामीण भेगसम्म भौतिक विकास अपरिहार्य छ : सहरी विकासमन्त्री गुरुङ

काठमाण्डु । नवनियुक्त सहरी विकासमन्त्री सीता गुरुङले मन्त्रालयको कामलाई परिणाममुखबी बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । सिंहदबारस्थित मन्त्रालयमा आज पदबहालीका क्रममा उहाँले मन्त्रालय र मातहतका निकायको सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउन सबै सक्रिय हुनुपर्ने बताउनुभयो ।

मन्त्री गुरुङले स्थायी सरकारको रुपमा रहेको कर्मचारी संयन्त्रसँग मिलेर काम गरेर नै परिणाम प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "मन्त्रालयको काम गर्ने धेरै ठाउँ छ । ग्रामीण भेगसम्म पुगेर भौतिक पूर्वाधार विकास गर्नुपर्ने आवश्यकता छ 'टीम वर्क'का साथ परिणाम निकाल्ने गरी काम गर्न सबै कन्द्रित हुनुपर्छ ।" मन्त्री गुरुङले क्षेत्रगतरूपमा प्राथमिकता तोकेर नै काम गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

को हुन् मन्त्री गुरुङ ?

सहरी विकासमन्त्रीको जिम्मेवारी सम्हाल्नुभएकी मन्त्री गुरुङ नेपाली काग्रेसकी केन्द्रीय सदस्य हुनुहुन्छ । उहाँ काग्रेसकोतर्फबाट प्रतिनिधिसभा सदस्य पनि हुनुहुन्छ । मन्त्री गुरुङ गत मङ्सिर ४ गते भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा तेह्रथुम निर्वाचन क्षेत्र नं १ बाट विजयी हुनुभएको थियोपूर्वराज्यमन्त्रीसमेतरहेहनुभएकी गुरुङले तत्कालीन संविधानसभा सदस्यको भूमिकासमेतमा आफूलाई अब्बल सावित गर्नुभएको थियो । गुरुङ सानै उमेरदेखि राजनीतिमा सक्रिय भई महिला शसक्तिकरण र महिलालाई सङ्गठित गरेर राजनीतिमा स्थापित हुनुभएकी नेता हुनुहुन्छ । साहित्यमा रुचि राख्ने गुरुङ विभिन्न आन्दोलनमा सक्रिय रुहनुभयो । कांग्रेसको विद्यार्थी राजनीतिदेखि नै क्रियाशील गुरुङ नेपाल महिला सङ्घको तेह्रथुम अध्यक्ष हुँदै केन्द्रीय सचिव, पार्टीको महासमिति सदस्य र केन्द्रीय सदस्य बन्नुभएको थियो । रासस

छ दशकपछि भरतपुर विमानस्थल स्तरोन्नति र विस्तार गरिँदै

चितवन । छ दकपछि भरतपुर विमानस्थलको स्तरोन्नति र विस्तार हुने भएको छ । भरतपुर महानगरपालिकाले नगरभित्रको गौरवको आयोजनाको रुपमा लिएको उक्त विमानस्थलको स्तरोन्नति र विस्तार गर्न लागिएको हो ।

भरतपुर महानगरपालिकाकी प्रमुख रेनु दाहालका अनुसार तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री रवीन्द्र अधिकारी हुँदा सुरु गरिएको पहल कदमी मन्त्री सुदन किराँतीसम्म आइपुग्दा काम अघि बढ्ने अवस्थामा पुगेको छ । उहाँले भन्नुभयो, "यो पाँच वर्षको अवधिमा हामीले छ पर्यटन मन्त्रीसँग नियमित छलफल गर्‍यौं । महानगर, प्राधिकरण, मन्त्रालय हुँदै प्रधानमन्त्रीको निजी निवास र कार्यालयमा धेरै पटक छलफल भएको छ ।"

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को निरन्तरको पहलले सार्थकता पाएको हो । पर्यटनमन्त्री अधिकारी हुँदा तत्कालिन समयमा चितवन क्षेत्र नम्बर ३ का सांसदसमेत रहनुभएका प्रधानमन्त्री दाहालसहित जिल्लाका सरोकारवालाको उपस्थितिमा बृहत् छलफल गरेर

अभियानको थालनी गरिएको थियो । प्रमुख दाहालले भन्नुभयो, "झण्डै पाँच वर्ष फाइल बोकेर भरतपुर र काठमाडौं ओहोर दोहोर गरे ।"

विमानस्थलको धावनमार्ग विस्तारका लागि घोडा प्रजनन केन्द्रलाई गणेशस्थान र नेपाली सेनाको कालीबहादुर गणलाई दियालो बङ्गला सारिने भएको छ । ब्यारेक सार्ने निर्णय भइसकेको उल्लेख गर्दै उहाँले घोडा प्रजनन केन्द्र सार्न वनको जग्गा भएकाले केही निर्णय बाँकी रहेको बताउनुभयो । बाँकी निर्णय दुई साताभित्रमा गरेर काम अघि बढ्ने छ ।

केही दिनअघि विस्तारका लागि प्रधानमन्त्रीको निवास बालुवाटार र कार्यालय सिंहदरबारमा नेपाली सेनासहितको सरोकारवाला बसेर टुङ्गोमा पुगेको दाहालले जानकारी दिनुभयो । यो विमानस्थलबाट मकवानपुरदेखि दाउन्नेसम्मका बासिन्दाले हवाई सेवा लिँदै आएका छन् । त्यस्तै तनहुँ र गोरखा आसपासका बासिन्दाले पनि यो विमानस्थलबाट सेवा लिँदै आएका छन् । विसं २०१५ देखि सञ्चालनमा आएको उक्त विमानस्थलमा २०१८ मङ्सिर १२ गते हवाई कार्यालय स्थापना गरिएको थियो । तत्कालीन समयमा टुइनेटरजस्ता १८ सिटे जहाजमात्रै सञ्चालन हुँदै आएकामा पछिल्ला वर्षमा एटिआर ४२, जेटस्टिम बिचक्राफ्टजस्ता मझौला र आधुनिक जहाजको उडान हुँदै आएको छ ।

एक हजार दुई सय मिटरमात्र धावनमार्ग भएको तथा उडान र अवतरण क्षेत्रमा भौतिक संरचनाका कारण यो विमानस्थल जोखिमपूर्ण मानिएको छ । धावनमार्गलाई एक हजार पाँच सय मिटर लामो बनाएर एटिआर ७२ वा सोसरहका ७२ सिटे जहाजले उडान गर्न मिल्ने गरी विस्तार गर्न लागिएको हो । यससँगै आधुनिक टर्मिनल भवन बनाइँदै छ । रु एक अर्ब ९२ करोडको लागतमा निर्माण गर्न लागिएको अत्याधुनिक टर्मिनल भवनको बिहीबार प्रधानमन्त्री दाहालले शिलान्यास गर्नुभएको छ । छोटो धावनमार्ग, उडान र अवतरण क्षेत्र अतिक्रमण तथा उच्च जोखिमसँगै महँगो हवाई भाडा तिर्न यहाँका बासिन्दा बाध्य छन् । हाल यहाँबाट काठमाडौं र पोखरा बुद्ध एयरले उडान भर्दै आएको छ । दैनिक आठ उडान हुँदै आएको छ । कोभिड-१९ अघिसम्म यो सङ्ख्या १२ रहेको विमानस्थलले जनाएको छ । दैनिक सात सयभन्दा बढी यात्रुले सेवा लिँदै आएका छन् ।

सन् १९५८ मा निर्माण कार्य सम्पन्न भई पहिलो उडान सन् १९६१ मार्च ५ मा भएको तथ्याङ्क छ । सन् १९९४ मा एक हजार एक सय ५८ मिटर धावनमार्ग बनाइएको सो विमानस्थलको सन् १९९८ मा एसियाली विकास बैंकको सहयोगमा कालोपत्र सम्पन्न भएको नागरिक उड्डयन प्राधिकरणका महाप्रबन्धक प्रदीप अधिकारीले जानकारी दिनुभयो ।

देशको मध्य भागमा पर्ने भएकाले सन् १९८८ मा अन्तर्राष्ट्रिय विमानस्थल बनाउने उद्देश्यले अध्ययन गरिए पनि वातावरणीय र पर्यावरणीय दृष्टिकोणले क्षति हुनसक्ने भएपछि काम अघि बढ्न सकेको थिएन । विमानस्थल ५८ बिघामा फैलिएको छ । रासस

टाटासुमो दुर्घटना हुँदा दुईको निधन, एघार घाइते

त्रिशुली । नुवाकोटको दुप्चेश्वर गाउँपालिका-४ बेतिनीमा आज टाटासुमो दुर्घटना हुँदा दुई जनाको घटनास्थलमा निधन भएको छ भने एघार जना घाइते भएका छन् ।

बेतिनीबाट यात्रु लिएर काठमाडौं जान लागेको सुमो आज अपराह्न सोहीस्थानको सानोगोल्फूको धारापानीको ओरालोमा अनियन्त्रित हुँदा स्थानीय २५ वर्षीय छिरिङ तामाङ र १६ वर्षीया मनमाया तामाङको घटनास्थलमा नै निधन भएको जिल्ला प्रहरी कार्यालय नुवाकोटका प्रवक्ता प्रहरी नायब उपरीक्षक खगेन्द्रबहादुर खड्काले जानकारी दिनुभयो ।

ना १ ज ३९८४ नं को सुमो बेतिनीबाट काठमाडौं जाने क्रममा धारपानीको ओरालोमा अनियन्त्रित भएर करीब ३०० मिटर तल खस्दा चार जनाको अवस्था गम्भीर रहेको हुँदा अन्य घाइतेलाई थप उपचारको लागि काठमाडौं पठाइएको जानकारी दिनुभयो । रासस

स्कूल दर्ता बिक्रीमा

गुरुकुल आवसीय विद्यालय, गंगासागर, जनकपुरधाम कक्षा ६ सम्म स्वीकृत निजी आवासीय स्कूल बिक्रीमा छ ।

सम्पर्क
९८१७६५५८७५
९८६२५३७५९४

घर भाडामा

जनकपुरधाम उपमहानगरपालिका वडा नं. १ स्थित सीता चौक देखि २०० मि. उत्तरमा रहेको कार्यालय, स्कुल, पार्टी पैलेश तथा व्यसायिक प्रयोजनको लागि खाली रहेकोले इच्छुक व्यक्ति वा संस्थाले निम्न नम्बरमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

सम्पर्क नं.:-
९८५४०२०७९५,
९८४४१९०३३७

तपाईको आज

पण्डित : ब्रम जी

मेष : वाद विवादबाट बच्नु ।
बृष : सुख समृद्धि हुने ।
मिथून : धन बृद्धि सञ्चय ।
कर्कट : शिक्षामा उन्नति ।
सिंह : नयाँ कार्य हुने ।
कन्या : भ्रमण अवसर हुने ।
तुला : अवसर प्राप्त ।
वृश्चिक : पुरस्कार प्राप्त लाभ ।
धनु : प्रतिभा सम्पन्नता ।
मकर : पारिवाहिक सुख ।
कुम्भ : बौद्धिक क्षमता ।
मीन : प्रेम प्रसंग, मित्र सुख ।

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

बारुण यन्त्र	५२००११
प्रहरी (हण्टीङ्गलाईन)	४२००९९,४२०२९९, १००
एम्बुलेन्स (रेडक्रस)	१०२
एम्बुलेन्स (मेडिकल कलेज)	५२६०९०, ५२६०९१
एम्बुलेन्स (हिमालय युवा क्लब)	९८०४८१५१२६
अञ्चल अस्पताल	५२००३३
जनकपुर सिटी हस्पिटल भानुचोक	५२५०१, ५२५८९९
नेपाल शिक्षक संघ (एम्बुलेन्स)	९८०१६४४४५५,९८५४०२८२९६
जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक	५२५३४१
रक्तसंचार (रेडक्रस)	५२०८७०
ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स)	९८५४०२७४३४
कृष्णा नर्सिङ्गहोम	५२१९१८
विरेन्द्र डेन्टल हेल्थ केयर	५२८४३७
आँखा अस्पताल	५२०३९७
रेडियो टुडे (९१ मेगाहर्ज)	९८०१६२६०२६
एयर पोर्ट	५९००५८, ५९००५२
विद्युत फ्युज शाखा	५९०८३४, ५९०८३५
साह केबुल	५२४७२२
जानकी केबुल	५२३७२८
म्याक्स टीभी	०४१-५९०८९७,९८०१६६८६५२
नगर सेफ्टी टैंक सफाई सेवा	५२१२६२
मुजेलिया प्रहरी चौकी	५२०७५०
सशस्त्र प्रहरी मुजेलिया	५२७२१३, ५२७८००
बुद्ध एयर	५२५०२२
यति एयरलायन्स, शिवचोक	५९०३०१/५९०३०२
होटल मानकी	९८१५८९३५३४, ९८१५८९३३४३
होटल रामा	५२००५९, ५२३८५४
वेलकम होटल	९८०१६२००६५, ९८०१६२००६४
गौतम होटल, बर्दिबास	०४४-५५००३४
जलेश्वर अस्पताल	०४४-५२००७०
प्रहरी (जलेश्वर)	०४४-५२०००९
एम्बुलेन्स (जलेश्वर)	०४४-५२०१००
विद्युत (जलेश्वर)	०४४-५२००६६, ५२०१६६

रत्न सागर मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	५:०० बजे
बिहान पूजा आरती	८:०० बजे
भोगराज लाग्ने सयम	११:३० बजे
निशुल्क अन्न क्षेत्र (दिउँसो)	१२:०० बजे
मन्दिर बन्द हुने समय	१२:०० बजे
खुल्ने समय (दिउँसो)	४००: बजे
रात्री आरती पूजा हुने समय	९:३० बजे
रात्री मन्दिर बन्द हुने सयम	१०:०० बजे

जानकी मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
बिहान पूजा आरती	: ०७:०० बजे
बिहान ढोका बन्द	: १२:०० बजे
अन्न क्षेत्र	: निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय	: ०४:०० बजे
सन्ध्या पूजा आरती:साँझा	: ०७:३० बजे

राम मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
मंगल आरती	: ०७:३० बजे
महाप्रसाद भोग	: १२:०० बजे
दिउँसो ढोका खुल्ने समय	: ०३:३० बजे
सन्ध्या पूजा आरती साँझ	: ०७:०० बजे
रात्रि भोग	: ०९:०० बजे
पट बन्द	: ०९:१५ बजे

चुरे संरक्षण अभियानीको आमरण अनशन शुरु

टुडे समाचारदाता

जनकपुरधाम । चुरे तथा वन जंगल संरक्षण अभियानका राष्ट्रिय संयोजक सुनिलकुमार यादवले आमरण अनशन शुरु गरेका छन् ।

स्थानीय जनकचोकमा शुक्रबार पत्रकार सम्मेलन गरी उनले शुक्रबारदेखि अनिश्चितकालका लागि आमरण अनशन शुरु गरेको जानकारी दिए ।

चुरे तथा वन जङ्गल संरक्षण अभियानीहरूले डेढ महिना अघिदेखि जनकचोकमै अनिश्चितकालीन धर्ना गर्दै आएका थिए । विभिन्न ५ बुँदे माग राख्दै शुरु गरेको अनिश्चितकालीन धर्ना गर्दा कुनै पनि निकायबाट सुनुवाइ नभएकोले आफू आमरण अनशन गर्न बाध्य भएको संयोजक यादवले जानकारी दिए ।

चुरे तथा वन जङ्गल संरक्षण अभियान र मधेश प्रदेश सरकारबीच भएको ७ बुँदे सहमति तत्काल कार्यान्वयन गर्न पहल गर्नुपर्ने, अवैध क्रसर उद्योगहरूको गतिविधि उपर तत्काल रोक लगाउन र दिलीप महतोलाई पर्यावरणीय शहीद घोषणाको माग रहेको छ ।

भूमिहीन तथा सुकुम्वासीको आवासको हक मौलिक हकको रूपमा धारा ३७ मा व्यवस्था भएकोले राज्यले गम्भीरताका साथ संविधानको कार्यान्वयनमा तदारुकता देखाउनुपर्ने आफूहरूको माग रहेको संयोजक यादवले बताए ।

नवनिर्वाचित पदाधिकारीहरुको शपथ ग्रहण

टुडे समाचारदाता

वीरगञ्ज । वीरगञ्ज उद्योग वाणिज्य संघका नवनिर्वाचित पदाधिकारीहरुको शपथ ग्रहण एवम् पदस्थापना कार्यक्रम सम्पन्न भएको छ । शपथ ग्रहण समारोहमा वीरगञ्ज उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष एवम् वरिष्ठ उद्योगपति बाबुलाल अग्रवालले वीरगञ्ज तथा यस क्षेत्रले राष्ट्रिय राजस्व संकलनमा पुऱ्याइरहेको योगदानको सापेक्षमा सरकारले जुन घनत्वका साथ यस क्षेत्रको समस्या समाधान गर्नुपर्ने हो सो हुन नसकेको गुनासो पोखे ।

नेपालकै ठूलो औद्योगिक कोरिडोरको रुपमा रहेको वीरगञ्ज पथलैया औद्योगिक कोरिडोरलाई भौतिक सुविधा सम्पन्न बनाउने काम आजसम्म हुन नसकेको दुःखेसो पोख्दै उनले भने, 'मुलुकको वर्तमान आर्थिक अवस्था, बैंक तथा वित्तीय संस्थाको भूमिका, उद्योग व्यापारको अवस्थालाई तत्काल राहत प्रदान गर्ने गरी राज्यका नीति नियम र प्रवर्द्धनात्मक कार्यक्रमहरु शीघ्र घोषणा हुनुपर्छ ।'

कार्यक्रममा नवनिर्वाचित अध्यक्ष अनिलकुमार अग्रवालले यस पर्सा-बारा क्षेत्रको ऐतिहासिक पृष्ठभूमि, यस क्षेत्रले बोकेको आर्थिक महत्व, सम्भावना र चुनौती बारे जानकारी गराएका थिए । आफ्नो २ वर्षे अध्यक्षीय कार्यकालमा अघि सार्ने योजना तथा नीतिहरुबारे समेत उनले जानकारी गराए ।

अध्यक्ष अग्रवालले उद्योग, व्यापार, व्यवसाय, कर, राजस्व, भंसार, स्थानीय विकास, बैंक तथा वित्तीय संस्थासँग सम्बन्धित समस्याहरुको समाधानको लागि प्रधानमन्त्री, अर्थमन्त्री, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री, गभर्नर लगायतका सम्बद्ध निकायहरुसँग बसेर छलफल तथा समस्या समाधानको लागि पहल गरिने उल्लेख गरे । उनले सीमाञ्चल क्षेत्रमा अवस्थित रहेका उद्योग वाणिज्य सङ्घहरुले भोग्नु परिरहेका व्यवहारिक तथा नीतिगत समस्याहरुको पहिचान गरी सोको समाधानका लागि यस सङ्घको नेतृत्वमा सीमाञ्चल क्षेत्रका उद्योग वाणिज्य सङ्घहरुको वृहत् भेलाको आयोजना गरी समाधानका लागि नेपाल सरकारका सम्बन्धित निकायहरुमा पहल गर्ने योजना रहेको जानकारी समेत दिए ।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ-मधेश प्रदेशका अध्यक्ष अशोककुमार टेमानी, सांसद प्रभु हजरा, वीणा जयसवाल, नेपाल उद्योग वाणिज्य महासंघ-मधेश प्रदेशका पूर्व अध्यक्ष गणेशप्रसाद लाठ, बारा उद्योग वाणिज्य संघका अध्यक्ष राजकुमार साह लगायतले गुणस्तर उत्पादनलाई बजारीकरण गर्नुपर्ने चुनौतीको अवस्थामा बैंकको नीतिले निजीक्षेत्र प्रताडित भएको बताए ।

उपनिर्वाचन : तनहुँ र बारामा २६ दल दर्ता

काठमाण्डु । निर्वाचन आयोगले आगामी वैशाख १० मा हुने प्रतिनिधिसभा सदस्यको उपनिर्वाचनका लागि दर्ता भएको राजनीतिक दलको विवरण सार्वजनिक गरेको छ ।

उपनिर्वाचनका लागि तनहुँ निर्वाचन क्षेत्र नं १ र बारा निर्वाचन क्षेत्र नं २ का लागि आयोगको निर्णयअनुसार २६ राजनीतिक दल दर्ता भएका छन् । चितवन क्षेत्र नं.२ का लागि राजनीतिक दल दर्ताको विवरण यसअघि सार्वजनिक भइसकेको छ ।

उपनिर्वाचनका लागि तोकिएबमोजिमको ढाँचामा मतदाता नामावली उपलब्ध गराउने व्यवस्था मिलाउन आयोगले प्रदेश र जिल्ला निर्वाचन कार्यालयलाई निर्देशन दिने निर्णय गरेको छ । रासस

अब स्थानीय तहबाटै श्रम स्वीकृतिका लागि आवेदन

काठमाण्डु । सरकारले आगामी वैशाख १ गतेदेखि वैदेशिक रोजगारीका लागि लिइने श्रम स्वीकृतिको आवेदन स्थानीय तहबाट गर्न सकिने व्यवस्था गरेको छ । अहिले नयाँ श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिको काम अनलाइनबाट भइरहेको छ ।

अनलाइनबाट आफैं श्रम स्वीकृतिका लागि आवेदन दिन नसक्नेले भने वैदेशिक रोजगार कार्यालय आसपास रहेका सेवा प्रदायकबाट शुल्क तिरेर सेवा लिँदै आएका छन् । सरकारले स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रमार्फत नै निःशुल्करूपमा आवेदन दिन सक्ने निर्णय गरेको छ ।

सेवाग्राहीलाई नजिकको स्थानबाटै सेवा प्रदान गर्ने उद्देश्यअनुरुप स्थानीय तहबाट नै सेवा प्रवाह हुनु फलदायी हुने भन्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको समेत जिम्मेवारी सम्हाल्नुभएका प्रधानमन्त्री पुष्पकमल दाहाल ' प्रचण्ड'ले मन्त्रीस्तरबाट बुधबार उक्त निर्णय गर्नुभएको हो ।

स्थानीय तहबाटै वैदेशिक रोजगारीसम्बन्धी सूचना सरोकारवालामा पुऱ्याउने र वैदेशिक रोजगारीका लागि व्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिका लागि आवेदन गर्ने कार्य आगामी वैशाख १ गतेदेखि स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रमार्फत समेत गर्ने गरी प्रधानमन्त्रीबाट निर्णय भएको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका सहप्रवक्ता कविराज उप्रेती रोजगार सेवा केन्द्रबाट नै श्रम स्वीकृतिका लागि आवेदन दिन सकिने भएपछि वैदेशिक रोजगारीमा जाने श्रमिकले निकै फाइदा लिनसक्ने बताउनुहुन्छ । आफ्नो गाउँमै रहेको सेवा केन्द्रमार्फत आवेदन दिन सकिने भएपछि रोजगार कार्यालय आसपास रहेका सेवा प्रदायककोमा फारम बुझाउन जान नपर्ने उहाँको भनाइ छ ।

"अब श्रमिकले सटरमा फारम बुझाउन जान परेन, रोजगार सेवा केन्द्रबाट निःशुल्क सेवा लिन सकिनेछ, यसबाट श्रमिकको समय र पैसा पनि बचत हुन्छ", सहप्रवक्ता उप्रेती बताउनुहुन्छ ।

सरकारी निकायबाटै आवेदन दिन सकिने भएपछि श्रम स्वीकृतिका लागि आवश्यक कागजपत्र नपुगेको भन्दै सेवाप्रदायकले सेवाग्राहीसँग गर्ने अनुचित लेनदेनको अवस्था पनि यसले अन्त्य गर्ने उहाँको विश्वास छ । "कागजपत्र लिने र स्क्यान गर्ने तर कुनै कागजपत्र श्रम स्वीकृति लिने प्रणालीमा अपलोड नगर्ने र सेवाग्राहीसँग कागजात पुगेन भन्दै बार्गेनिङ गर्ने प्रवृत्ति अन्त्य हुनेछ", सहप्रवक्ता उप्रेती भन्नुहुन्छ ।

सेवा केन्द्रबाट आवेदन दिँदा सम्बन्धित स्थानीय तहबाट कति श्रमिक वैदेशिक रोजगारीमा गए, कुन-कुन सीपयुक्त जनशक्ति बाहिरिए भनी तथ्याङ्क राख्न पनि सहयोग हुनेछ । बेरोजगार र रोजगारको स्थितिका बारेमा पनि जानकारी लिन सकिने उहाँको भनाइ छ ।

मन्त्रालयले चैत महिनाभित्रै रोजगार सेवा केन्द्रमा रहेका कर्मचारीलाई अभिमुखीकरण गर्ने तयारी गरेको छ । "चैतभित्र अभिमुखीकरण सम्पन्न गरी वैशाख १ देखि कार्यान्वयन गर्ने तयारी गरेका छौं", उहाँ भन्नुहुन्छ, "रोजगार संयोजक र सहसंयोजकलाई अनलाइबाटै अभिमुखीकरण गर्ने योजना छ ।"

सरकारले सात सय ५३ स्थानीय तहमा रोजगारसम्बन्धी सेवा प्रवाहमा सहजीकरण गर्ने गरी रोजगार सेवा केन्द्र स्थापना गरेको छ । उक्त केन्द्रमा रोजगार संयोजक र रोजगार सहसंयोजक गरी दुई कर्मचारीको दरबन्दी उपलब्ध गराइएको छ । रासस

फेरि बढ्यो कोरोना सङ्क्रमण

काठमाण्डु । नेपालमा कोरोना भाइरसको सङ्क्रमण शुक्रबार फेरि बढेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार शुक्रबार एक हजार ७९ जनामा गरिएको परीक्षणमा एक सय ४२ जनामा सङ्क्रमण देखिएको छ ।

यसअघि चैत १६ गते ४२, चैत १५ गते ३४, चैत १४ गते २४ र चैत १३ गते ६९ जनामा सङ्क्रमण देखिएको थियो । सङ्क्रमित बढेसँगै सक्रिय सङ्क्रमित पनि बढेको पाइएको छ । शुक्रबार सक्रिय सङ्क्रमितको संख्या एक सय ६३ पुगेको छ । ईपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा चुमनलाल दासले भारतमा सङ्क्रमण बढिरहेकाले खुला सीमा नाका कारणले त्यसको असर नेपालमा परेको बताउनुभयो । उहाँले खुला सीमा नाकाबाट सङ्क्रमित नेपाल भित्रिएको हुनाले सङ्क्रमण बढेको बताउनुभयो ।

भारतको उत्तर प्रदेशमा सङ्क्रमण बढिरहेको छ । मन्त्रालयले कोरोना भाइरसको रोकथाम र नियन्त्रणका लागि अतिरिक्त मात्रा (बुस्टर डोज) सबैलाई लगाउन निर्देशन दिएको छ । अहिले उपत्यकासहित सबै ठाउँमा बुस्टर डोज लगाउने अभियान सञ्चालन भइरहेको छ । रासस

क्यानद्वारा मेयर कपको अनुमति प्रदान

टुडे समाचारदाता

जनकपुरधाम । नेपाल क्रिकेट संघ (क्यान)ले जनकपुरधाममा यही चैत २३ गतेदेखि हुन लागेको मेयर कपको लागि अनुमति दिएको छ । संघले नीति, नियम एवं मार्गदशन पूर्णरुपमा पालना गर्ने गरी प्रतियोगिताको अनुमति प्रदान गरेको छ ।

धनुषा जिल्ला क्रिकेट संघले गत मंगलबार अनुमतिको लागि केन्द्रीय कार्यालयमा पत्राचार गरेको थियो । संघले अनुमति दिँदै प्रतियोगिताको प्रतिवेदन संघको केन्द्रीय कार्यालयमा पठाउन अनुरोध गरेको छ ।

'खेल पश्चात प्रतियोगिताको खेल तालिका, स्कोर सिट, सहभागी टिम, खेलाडीहरुको नामावलीको प्रतिलिपिसहित प्रतियोगिताको प्रतिवेदन यस संघमा उपलब्ध गराइ दिनुहुन अनुरोध गर्दछु,'अनुमति पत्रमा लेखिएको

छ । प्रतियोगिता निर्माणाधीन रामजानकी बहुउद्देश्य अन्तर राष्ट्रिय रंगशालामा दश दिनसम्म हुनेछन् । लिग प्रणालीमा खेलाइने यस प्रतियोगितामा मधेश प्रदेशको आठै जिल्लाको टिम र चार वटा अन्य प्रदेशको गरी १२ वटा टिम सहभागी हुनेछन् । प्रत्येक टिममा चार वटा बाहिरको खेलाडी राख्न पाउने प्रावधान छ । यस्तै, शुक्रबार राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद मनिष झासहितका टोलीले निर्माणाधीन रंगशालाको निरीक्षण पनि गरेका छन् । सुस्त गतिमा भइरहेको निर्माण बारे धनुषा क्रिकेट संघका अध्यक्ष शोभाकान्त पाण्डेले सांसद झाको ध्यानाकर्षण गराएका थिए । सांसद झा मेयर कपको लागि दश लाख रकम सहयोग गर्ने घोषणासमेत गरेका छन्

सडक सञ्जालले आर्थिक विकासमा टेवा पुग्छ- मन्त्री ज्वाला

काठमाण्डु । नवनियुक्त भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले भौतिक पूर्वाधार क्षेत्रको विकासमा आवश्यक नीति निर्माण तथा कानूनी समस्याको समाधान गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

मन्त्रालयमा आज पदबहाली गर्दै उहाँले विकास निर्माणका क्रममा हुने ढिलासुस्तीले योजनाअनुसार कार्यप्रगति हासिल गर्न नसकिने हुँदा छिटो छरितो कार्य सम्पन्न गर्न निर्देशन दिनुभयो ।

प्रत्येक पालिकामा सडक पुऱ्याउने सरकारको योजनालाई कार्यान्वयन गर्नुपर्नेमा जोड दिँदै उहाँले कतिपय जिल्लासमेतमा सडक यातायात विस्तार गर्न बाँकी रहेकाले त्यसलाई पूरा गर्नुपर्ने बताउनुभयो ।

मन्त्री ज्वालाले पूर्वाधार तथा यातायात सञ्जालको विकासले विभिन्न सामाजलाई जोड्नुका साथै स्थानीय व्यापारलाई बजारीकरण गरी जनताको आय आर्जनमा सहयोग पुयाउने उल्लेख गर्दै यस कार्यले दुर्गमलाई सुगममा परिवर्तन गरी आर्थिक समृद्धि कायम गर्ने बताउनुभयो । रासस

रास्वपाद्वारा उम्मेदवारको प्रारम्भिक सूची सार्वजनिक

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आगामी वैशाख १० गते हुने उपनिर्वाचनमा भाग लिने उम्मेदवारको प्रारम्भिक सूची सार्वजनिक गरेको छ ।

रास्वपाले बिहीबार चितवन क्षेत्र नं २, तनहुँ क्षेत्र नं १ र बारा क्षेत्र नं २ मा हुन लागेको उपनिर्वाचनका लागि पार्टीका तर्फबाट भाग लिने उम्मेदवार चयन गर्न पार्टीको विधानको धारा ७१ बमोजिम प्रारम्भिक सूची सार्वजनिक गरेको हो ।

रास्वपाले चितवन क्षेत्र नं २ मा रवि लामिछाने, तनहुँ क्षेत्र नं १ मा डा स्वर्णिम वाग्ले, ईश्वर लामिछाने र डा रुपक विक घिमिरे तथा बारा क्षेत्र नं २ मा रमेश खरेल र युवराज न्यौपानेको नाम सार्वजनिक गरेको पार्टीका महामन्त्री एवं प्रवक्ता डा मुकुल ढकालले जानकारी दिनुभयो ।

सो पार्टीले प्रारम्भिक उम्मेदवारी उपरको दाबी विरोध गर्ने समय आज दिउँसो ११ बजेसम्मका लागि तय गरेको प्रवक्ता डा ढकालले बताउनुभयो । रासस

नवनियुक्त अर्थमन्त्री डा महतको जीवनी

काठमाण्डु । नवनियुक्त अर्थमन्त्री डा प्रकाशशरण महत विसं २०१६ कात्तिक १९ मा नुवाकोटको पञ्चकन्या गाउँपालिका-२, कविलासमा जन्मनुभएको हो ।

फुलब्राइट छात्रवृत्तिअन्तर्गत संयुक्त राज्य अमेरिकाबाट अर्थशास्त्रमा विद्यावारिधी (पिएचडी) गर्नुभएका डा महत हाल नेपाली कांग्रेसको प्रवक्ता तथा केन्द्रीय सदस्य हुनुहुन्छ ।

कक्षा-७ मा अध्ययनरत रहँदादेखि नै नेपाल विद्यार्थी सङ्घमा लाग्नुभएका उहाँले २०३६ सालको विद्यार्थी आन्दोलन र २०३७ सालको जनमत संग्रहमा अग्रमोर्चामा रहेर काम गर्नुभएको छ । विसं २०४२ को सत्याग्रहमा सक्रिय भूमिका खेल्नुभएका डा महत त्यसबेला नेपाल विद्यार्थी सङ्घको महासचिव हुनुहुन्थ्यो ।

काग्रेसको नेतृत्वमा सुरु भएको २०४६ सालको जनआन्दोलनमा डा महतले एक्सन कमिटीमा रहेर काम गर्नुभएको थियो । पार्टीले दिएका जिम्मेवारीहरू कुशलतापूर्वक पूरा गर्ने उहाँले विसं २०५६ देखि काग्रेसको केन्द्रीय आर्थिक नीति निर्माण समितिमा रहेर काम गर्नुभएको थियो भने २०५९ सालदेखि निरन्तर पार्टीको केन्द्रीय सदस्य हुनुहुन्छ ।

उहाँले २०७९ वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचन र २०७९ को मङ्सिरमा सम्पन्न प्रतिनिधिसभा एवम् प्रदेशसभा निर्वाचनमा पार्टीको केन्द्रीय

प्रचारप्रसार समितिको संयोजकको भूमिका सफलतापूर्वक सम्पन्न गर्नुभएको थियो ।

विसं २०६३ को अन्तरिम व्यवस्थापिकाको सदस्यबाट संसद्को यात्रा आरम्भ गर्नुभएका डा महतले पहिलो र दोस्रो संविधानसभामा सदस्य रहनुभयो । त्यसैगरी विसं २०७० देखि २०७४ सम्म विधायकको रुपमा रहनुभयो । हाल उहाँ प्रतिनिधिसभाको सदस्य हुनुहुन्छ ।

प्रधानमन्त्री शेरबहादुर देउवाको सल्लाहकारका रुपमा विसं २०५८ देखि २०५९ सम्म काम गर्नुभएका डा महतले राष्ट्रिय योजना आयोगको सदस्यका रुपमा पनि काम गर्नुभएको थियो ।

उहाँले यसअघि परराष्ट्र मन्त्री, उर्जामन्त्री र परराष्ट्र राज्यमन्त्रीका रूपमा रहेर काम गर्नुभएको छ । उहाँ उर्जामन्त्री रहेका बेला राष्ट्रिय गौरवको रुपमा रहेको माथिल्लो तामाकोशी आयोजना स्वदेशी पूँजीबाट निर्माण गर्ने तथा ढल्केवार-मुजफ्फुर ४०० के.भी. प्रशारण लाइन निर्माणको निर्णय गर्नुभएको थियो ।

त्यस्तै परराष्ट्रमन्त्री हुँदा उहाँको पहलमा चीनसँगको बिआरआई सम्झौताका साथै नेपालले गण्डक सम्झौताबाट पाउनुपर्ने सुविधाका लागि कुरा उठाइ भारतीय पक्षलाई प्रतिबद्ध गराउनुभएको थियो । नेपालको कूटनीतिक सन्तुलनका लागि महत्वपूर्ण काम गर्नुभएको थियो ।

मुलुकको अर्थतन्त्रमा चुनौती आइरहेको वर्तमान अवस्थामा उहाँ देशको अर्थमन्त्री बन्नुभएकोले अर्थशास्त्रमा विद्यावारिधी गर्नुभएका डा महतले आगामी दिनमा यो चुनौतीलाई सामना गर्नेगरी काम गर्नुपर्ने चुनौती थपिएको छ । रासस

भूमिहीन नागरिकको व्यवस्थापन पहिलो प्राथमिकता : मन्त्री श्रेष्ठ

काठमाण्डु । नवनियुक्त भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारणमन्त्री रञ्जिता श्रेष्ठले भूमिहीन नागरिकको व्यवस्थापन आफ्नो पहिलो प्रथमिकता रहने बताउनुभएको छ ।

पदबहाली गर्दै उहाँले मन्त्रालयको आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थापनका लागि समिति बनाएर काम गर्ने निर्णयमा हस्ताक्षर गर्नुभयो । मन्त्री श्रेष्ठले भन्नुभयो, "देशमा भूमिहीनका लागि भूमिव्यवस्थापन गर्ने काम मेरो पहिलो प्राथमिकता रहनेछ ।"

उहाँले पार्टीका मागप्रति वर्तमान सरकार सकारात्मक रहेकाले आफू सरकारमा सहभागी भएको स्पष्ट पार्नुभयो । "यो गठबन्धनबाट हाम्रो माग सम्बोधन हुने सतप्रतिशत विश्वस्त भएपश्चात यहाँसम्म आउने बाटो रोजेका हौं", उहाँले भन्नुभयो ।

नागरिक उन्मुक्ति पार्टीकी अध्यक्षसमेत रहनुभएकी श्रेष्ठ गत मङ्सिर ४ गतेको निर्वाचनमा कैलाली-१ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको थियो । रासस

नेता-कार्यकर्ता मुलुकको समस्या समाधान गर्न लाग्नुपर्छ : अध्यक्ष नेपाल

बनियानी । नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले मुलुकको हरेक समस्या पहिचान र समाधान गर्न नेता-कार्यकर्ता लाग्नुपर्नेमा जोड दिनुभएको छ ।

सो पार्टीको स्कूल विभाग झापाको आयोजनमा भद्रपुरमा शुक्रबारदेखि सुरु भएको दुईदिने 'अगुवा कार्यकर्ता प्रशिक्षण कार्यक्रम'मा अध्यक्ष नेपालले मुलुकको समग्र विकासका लागि सबै एकजुट भएर लाग्नुपर्ने आवश्यकता औल्याउनुभयो । "देशको समस्याको पहिचान, कारण र समाधानका लागि लाग्नुपर्छ", उहाँले भन्नुभयो, "त्यसका लागि नयाँ सोच, आँट र हिम्मत जरुरी छ ।" मुलुकको राजनीतिक कोर्स फेर्न आफूहरूले योगदान गरेको चर्चा गर्नुहुँदै उहाँले नेता-कार्यकर्तालाई निराश नभई नयाँ सोच, ऊर्जाका साथ अघि बढ्न निर्देशनसमेत दिनुभयो ।

पुराना पुस्ताबाट अब युवापुस्ताले जिम्मेवारी लिनुपर्नेमा जोड दिँदै युवापुस्तालाई प्रोत्साहन गर्दै अघि बढ्नुपर्ने उल्लेख गर्नुभयो । पठन संस्कृतिको विकास गर्दै समाज, देशसँगै अन्तर्राष्ट्रिय कुरा जान्न, बुझ्न कार्यकर्तालाई उहाँले सुझाव दिनुभयो ।

पार्टीका झापा अध्यक्ष बेदराज रेग्मीको अध्यक्षतामा भएको कार्यक्रमको पहिलो दिन पार्टी अध्यक्ष नेपाल, उपाध्यक्ष झनेन्द्र बस्नेत र उपमहासचिव जगन्नाथ खतिवडाले प्रशिक्षण दिनुभएको थियो । शनिबार वरिष्ठ नेता झलनाथ खनाल, महासचिव घनश्याम भुसाल र कोशी प्रदेश कार्यवाहक अध्यक्ष धर्मराज पौडेलले प्रशिक्षण दिने पार्टीका जिल्ला सचिवालय सदस्य तीर्थ सिग्देलले जानकारी दिनुभयो । रासस

जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

धुम्रपान

म धूम्रपान हु ।
म मान्छेको जीवन खान्छु।
म सँग दोस्ती नलगाउ ।

अनि मलाई नखाउ ।।
म मान्छेको जिवन खान्छु ।
मान्छेले मलाइ खान्छ।

यस वाट मलाइ हुन्छ फाइदा ।
र मान्छे लाई हुन्छ घाटा ।।
जब सम्म मान्छेले मलाइ खान्छ।

तब सम्म म मान्छे लाई खान्छु।
त्यसैले मलाई अब छोड
तिमी आफ्नो बाटो मोड

कुनै दुःख तिम्रो करिब नहोस
यो तिम्रो जिन्दगीको लागी मेरो
सानो मनको शुभकामना ।।

नाम:- अनुप कुमार यादव (कानुन संकाय विधार्थी)
अध्ययन:-मोनाष्टिक कलेज जनकपुरधाम
ठेगाना:- मिथिला बिहारी नगरपालिका कचुरी -८

शिक्षा-व्यापार

पैसाको चल्खेल अब, हुदै सबै ठाउँमा!
शिक्षा पनि डुविदैछ, भत्केको यो नाउमा!!
मन्दिर भन्ने ठाउँमा व्यापार हुढो रहेछ ,
सबै डिग्रि घरमैछ, भेट्छ सहि भाउमा!!
देशको भविष्य जादै, बिग्रेको यो बाटो!
खेल हुर्दै यो मन्दिरमा, शिक्षा दिने साटो!!
ज्ञानको भण्डार यो पवित्र पाठशाला,
व्यापारले विग्रिदै, भए सबै यहाँ लाटो!!
शिक्षाको स्तरमा पनि, घुम्दैछन् व्यपारी!
राम्रो अड्क ल्याऊ, पैसाको खेल्छ जारी!!
बिलको रक्म त उनी, लिई नै बसेछन् ,
पढाई-लेखाई बन्द आयो कस्तो महामारी!!
बढ्दो बेरोजगारि, हेर्न सकिन्छ सामाजमा!
अनुभवको कमि, तर डिग्रि परेछन् हातमा!!
चाहना अनुसार काम, खोजे नि भेटदैन् ,
सरकारी जागिर गर्न स्रोत चाहिन्छ साथमा!!
शिक्षाको महत्व, कस्ले आएर सिकाउने!
बसि कुर्सी तोडछन् कति, अध्यनको गराउने!!
थोरै शिक्षक यहाँ इमान्दार पनि रहेछ ,
इमान्दारी नभए तब, शिक्षाको बचाउने!!

लेखक: राजन झा(Rj Vatsya)
पिपरा गा.पा.-०५ ,सहोडवा

।।गीत।।

दकऽ कलेस पिया,गेलियै विदेश पिया
बाट तकैछी कहिया पठेबै सनेश पिया
चैन नै पाबै दिल ई,आखिमे हुए निन नै
छाती पिटके कानँब एहेन कोन दिन नै
कहु जीवनक कोन डगर चली धऽ के,
असगर चलैत पग पग लगैय ठेश पिया
दकऽ कलेस पिया,गेलियै विदेश पिया
बाट तकैछी कहिया. . .
बुढ बाबू विमार माँ,सबके अहीँ प' सुर्ता
सतबैय हर्दम छोट छोट बूच्ची आ बौआ
अन्हरिया छायल स्वर्ग सन घर दुआरमे,
दियौ न जल्दी खूशीक दीप लेस पिया
दकऽ कलेस पिया,गेलियै विदेश पिया
बाट तकैछी कहिया. . .
देशोमे लागल अछि तेहेन ने अगराही
कतौ जश्न मनबै,कतौ मचौने तबाही
दमनक दाहीमे देखियौ सब दिन से,
जरि रहल अपन मिथिला-मधेश पिया
दकऽ कलेस पिया,गेलियै विदेश पिया
बाट तकैछी कहिया. .....

धनेश्वर ठाकुर
धनुषाधाम, ४ लक्ष्मीपुर
हाल दोहा कतार

सूर्य बाट ज्ञान

आफू जलेर सबैमा
प्रकाश बाटने गर्छ।
बिहान अध्यारो काटी
उज्यालो बनि उदाउ छ।१।।
संघर्षको ताप नतापी
कसरी चम्किलो बन्छौं।
आज मेहनत गरिहाल
भोलि तिमी वीर बन्छौं।।२।।
जस-जसले घाममा
उसलाई गाली दिन्छ।
जाडोमा उस-उसले नै
उसकै बाट निहार्छ।।३।।
मौन लगाई तपगर
आज गलत मान्नेहरू।
भोली उसको राय बदली
तिम्रै प्रतिक्षा गर्छ।।४।।
कसैको पर्खाई पर्खादैन्न
अरूको भरोसा बसदैन्न।
आफ्नै मगनमा सात रङ्गले
सधै ऊ पुलकित भई रहन्छ।५।।
यदि चम्किनु छ सधै
सूर्य बनि त नबस्नु
कसैको लागि सधैं सहि
गरौं आफ्नै लागि।।६।।

लेखक:- मनिष कुमार राउत
पिपरा १ खैरबा

अभिभावक

बाबु छोराछोरीका लागि नायक हुन्,
आमा महान् पुस्ताको नमूना हुन् ।
उ नै आमा हो जसले पेटमा राख्छे,
दिनहुँ एक जनालाई काम गर्ने बाबा हुन,
बुबा बिनाको जीवन अधुरो हुन्छ,
आमा बिनाको जीवन अप्रत्याशित हुन्छ,
उहाँ नै मेरो भविष्यका सहयात्री हुनुहुन्छ,
उहाँ बिना मेरो सपना असम्भव छ,
मेरो घरको सौन्दर्य हो,
तिनीहरू मेरो माया,
मेरो आनन्द, र सम्पूर्ण हुन्

लेखक : राजन दास
(कमला स्वयंसेवी समूह)
सदस्य

'प्रेमा' सहित हलमा सात फिल्म

काठमाण्डु । गत फागुन १९ गते प्रदर्शनमा आएको दुई फिल्म 'छक्का पञ्जा ४' र 'छड्के २'पछि नेपाली हलमा स्वदेशी फिल्म प्रदर्शनमा आएका थिएनन् । यसको एउटा कारण 'छक्का पञ्जा ४'को डर पनि थियो । यो फिल्मको चार हप्तासम्मको व्यापार अंक हेर्दा अन्य फिल्मले प्रदर्शनका लागि डर मान्नु स्वभाविक पनि देखिन्छ । अब भने हलमा शुक्रबारबाट नयाँ नेपाली फिल्म ' प्रेमा' प्रदर्शनमा आएको छ ।

बुधबार काठमाडौंमा भएको प्रिमियरमा सुखद प्रतिक्रिया प्राप्त गरेको फिल्म त्रिकोणात्मक प्रेमकथामा आधारित छ। धनगडीबाट काठमाडौं आएकी प्रेमा (शुभेक्षा खड्का) र काठमाडौं रैनाथे आकाश (अरुण क्षेत्री)बीचको प्रेम, विछोड र मिलनमा फिल्मले २ घन्टा फन्को पारेको छ । सानो असमझदारीले पनि प्रेम सम्बन्धमा कस्ता उतार-चढाव आउँछन् भन्ने कुरा फिल्ममा देखाइएको छ ।

बाघठाटा फिल्म प्याक्ट्रीको ब्यानरमा निर्माण भएको फिल्ममा अरुण र शुभेक्षाका साथै सृष्टि श्रेष्ठ, विमला केसी, हिउँवाला गौतम, पुरण जोशी, सबिन बास्तोला, रोशनी स्याङबो, प्रकाश बस्नेत, महान थापा, सुरेन्द्र बसेल, भिभियाना थर्पालिया (काजु)को

अभिनय छ । काठमाडौं, धनगढी र कर्णालीमा खिचिएको फिल्मका निर्देशक गोविन्द सिंह भण्डारी हुन् । कथा लेखन पनि भण्डारीकै हो ।

विवेक घिमिरे र निर्देशक भण्डारीले निर्माण गरेको 'प्रेमा'का कार्यकारी निर्माता सामर्थविक्रम थापा हुन्। फिल्ममा सुशान्त गौतमको संगीत, सुशान्त स्वयं, सबिन एकतारे र अनिल शर्माको गीत, चन्द्र भट्टराईको मुख्य सहायक निर्देशन, अमित श्रेष्ठको व्याकग्राउण्ड स्कोर, कृष्ण भण्डारीको सम्पादन र महेश पौडेलको डीओपी छ । फिल्मले देशभरका मल्टीप्लेक्सहरुमा औसत शो पाएको छ ।

हलमा सात फिल्म

कहिले काहीं फिल्म नभएर खाली हुने गरेका हल यसपटक फिल्मै फिल्मले भरिएको छ । शुक्रबारबाट प्रदर्शन भएको 'प्रेमा'सहित अहिले हलमा सातवटा फिल्म प्रदर्शनरत छन् । त्यसमध्ये दुईवटा नेपाली (छक्का पञ्जा ४ र प्रेमा), एउटा बलिउड (भोला), एउटा साउथ (दसर ा) र तीनटा हलिउड (डंजन्स एन्ड ड्र्यागन्स : अनर अमंग थीव्स, जोन वीक : च्याप्टर ४ र डेमन स्लेयर) रहेका छन्।

शुक्रबारबाट प्रदर्शनको पाँचौं हप्तामा प्रवेश गरेको 'छक्का पञ्जा ४'मा अझै दर्शकको चाप उच्च छ । त्यस्तै, बिहीबारबाटै प्रदर्शनमा आएको बलिउड फिल्म 'भोला'को पनि नेपालमा अकुपेन्सी सुखद नै देखिएको छ ।

घनश्यामको निर्देशनमा बन्ने 'चित्रा' मा अर्पण र सन्तोष

काठमाण्डु।'पञ्जेबाजा'फेम्ड निर्देशक घनश्याम लामिछानेको निर्देशनमा फिल्म 'चित्रा' बन्ने भएको छ। बिहीबार राम नवमीको अवसर पारेर फिल्मको निर्माण घोषणासँगै प्रमुख भूमिकामा अभिनय गर्ने कलाकारको नाम सार्वजनिक गरियो । आगामी भदौबाट छायांकनमा जान लागेको फिल्ममा अभिनेता अर्पण थापा र 'आमा' फिल्मका निर्माता समेत रहेका सन्तोष अधिकारीको मुख्य भूमिका रहनेछ । नेपालमा नै सम्पूर्ण छायांकन हुने फिल्मले एक साधारण बाबु र छोरीको कथालाई प्रस्तुत गर्ने निर्देशन लामिछानेले जानकारी दिए ।

लामिछाने निर्देशन गरेको नयाँ फिल्म 'लण्डन टु पेरिस' प्रदर्शनको पखाईमा छ । 'चित्रा' एसाप इन्टरटेनमेन्टको प्रस्तुतिमा सन्तोष अधिकारी फिल्मस्को ब्यानरमा निर्माण हुनेछ । भावना पन्तको लगानी रहने फिल्मको कथा अजय अधिकारीले तयार पारेका हुन् । यतिबेला मनिष गौतमले अजयको कथालाई पटकथा तथा संवादमा ढालिरहेका छन् ।

फिल्ममा लेखक अधिकारीको गीत रचना र सुरेश राईको संगीत रहनेछ । निर्माता अधिकारीले केही समयअघि 'डलर एयुडी' नामक फिल्मको पनि निर्माण घोषणा गरेका थिए । यो फिल्मको चाँडै छायांकन सुरु हुने उनले बताए । साथै, सन्तोष निर्मित नयाँ फिल्म 'तीन जन्तु' प्रदर्शनको तरखरमा रहेको छ ।

रमेश बुढाथोकी भन्छन्, 'सुरक्षा पन्त हाम्रो देशको गर्व हो'

काठमाण्डु । आफूले मार्गदर्शक र आदर्श मानेको व्यक्तिले आफ्नो कामको प्रशंसा गर्दा जोकोहीलाई त्योभन्दा खुशीको क्षण सम्भवतः अरु हुँदैन । जीवनको सबैभन्दा ठूलो कमाई नै त्यही हो ।

बिहीबार फिल्म 'बुलाकी'को ट्रेलर रिलिज कार्यक्रममा नेपाली फिल्मका नामी कलाकार तथा निर्देशक रमेश बुढाथोकीले आफ्नो अभिनय कलाको प्रशंसा गर्दा अभिनेत्री सुरक्षा पन्त नतमस्तक बनेकी थिइन् । बुढाथोकीले सुरक्षाको प्रशंसामा भनेका थिए, 'सुरक्षाको कामको जति नै मुक्तकण्ठले प्रशंसा गरे पनि कम हुन्छ। हामो देशको गर्व भन्नुपर्छ सुरक्षालाई । नेपाली फिल्म क्षेत्रमा निकै राम्रो स्थान बनाउनु भएको छ। उहाँले चरित्रमा डुबेर आत्मादेखि नै भावना व्यक्त गर्नुहुन्छ ।

यो फिल्ममा मात्र होइन, विगतका उहाँका फिल्ममा पनि त्यो देखेका छौं। 'बुलाकी'मा त भनै अभिनय माझिएको छ ।' बुढाथोकीले आफ्नो प्रशंसामा शब्द खर्चिदा सुरक्षा शब्दविहीन भएकी थिइन् । प्रशंसाको शब्दले उनको शिर उठ्न दिएको थिएन । उनले दुवै हात छातीमा राख्दै धन्यवाद भनिरहेकी थिइन् ।

त्यस्तै, कलाकार बुढाथोकीले 'बुलाकी'का अर्का प्रमुख कलाकार नरेन खड्काको अभिनयको प्रशंसामा पनि शब्द खर्चिन भ्याए । फिल्ममा नरेनले एकदमै जीवन्त अभिनय गरेको उनको भनाई थियो । सुरक्षा र नरेनको प्रशंसामा बुढाथोकीले थपेका थिए, 'म सुटिङकै बेला उहाँहरुको अभिनयबाट प्रभावित भएको थिएँ । उहाँहरुले अभिनयको क्षेत्रमा केही विस्फोट गर्नुहुन्छ भन्ने लागेको छ ।'

कर्णालीमा प्रचलनमा रहेको जारी प्रथाको कुरुप अवस्थालाई चित्रण गरिएको फिल्ममा सुरक्षा र नरेन श्रीमान्-श्रीमतीको भूमिकामा छन् । यो फिल्म बैशाख १ गतेदेखि प्रदर्शनमा आउने तयारीमा छ ।

'आई एम ट्वान्टी वान'को 'योद्धा' गीत : धिरज र जसिताको जबर्जस्त नृत्य

काठमाण्डु । रेनशा वान्तवा राईद्वारा निर्देशित डान्स ड्रामा फिल्म 'आई एम ट्वान्टी वान'को दोस्रो गीत सार्वजनिक गरिएको छ । 'योद्धा' बोलको गीतमा त्रिशला गुरुङ र प्रसिद राजोपाध्यायको स्वर, स्वप्निल शर्माको शब्द, स्वप्निल र रोहित शाक्यको संगीत छ । गीतको अडियो पक्ष जति सशक्त छ, भिडियोमा फिल्मका प्रमुख दुई पात्र धिरज मगर र जसिता गुरुङले नृत्यमा गरेको मिहिनेत उस्तै उम्दा छ ।

सुशान्त प्रजापतिको छायांकन र निमेष श्रेष्ठको सम्पादन रहेको फिल्मका गीतमा द वाइल्ड रिपर्ज क्रुको कोरियोग्राफी छ । सोमनाथ खनाल र निर्देशक रानाले मिलेर फिल्मको संवाद लेखेका हुन् । प्रभु शमशेर जबरा र प्रज्ज्वल शमशेर जबरा निर्माता रहेको फिल्म आइकोर फिल्म्सको ब्यानरमा निर्माण भएको हो । पोस्टरदेखि टिजर-गीतसम्मले फिल्मप्रति दर्शकमा उत्सुकता पैदा गरेको छ ।

आगामी बैशाख २४ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्ममा अरुण क्षेत्री, प्रेम सुब्बा, लुनिभा तुलाधर, पल्पसा डंगोल, राजु भुजु, सुजता राई, सूर्यमान लिम्बु, विकास जोशी, रिजोन परियार, सुशान्त गौतमको पनि विशेष भूमिका छ । फिल्मको गीतमा कालीप्रसाद बाँस्कोटाको पनि संगीत छ। यो फिल्मका लागि धिरज र जसिताले करिब एक वर्ष नृत्य सिक्न मिहिनेत गरेका थिए ।

'बुलाकी' ट्रेलरमा जारी प्रथाको विकराल रुप

काठमाण्डु । आगामी बैशाख १ गतेबाट प्रदर्शनमा आउन लागेको लक्ष्मण सुनारद्वारा निर्देशित फिल्म 'बुलाकी'को ट्रेलर सार्वजनिक गरिएको छ । बिहीबार राजधानीमा एक कार्यक्रमका बीच सार्वजनिक गरिएको ट्रेलरमा कर्णाली क्षेत्रमा प्रचलनमा रहेको जारी प्रथाको विकराल रुप देखाइएको छ । ट्रेलरमा फिल्मभित्रका तीन प्रमुख पात्रहरु सुरक्षा पन्त, नरेन खड् का र विराज विष्टलाई केन्द्रमा राखिएको छ ।

कर्णाली क्षेत्रको ग्रामीण जीवन, रितिरिवाज, जारी प्रथा, सन्तान नहुँदा वैवाहिक सम्बन्धमा आउने आरोह-अवरोहमा आधारित रहेको फिल्ममा रमेश बुढाथोकी, लक्ष्मी गिरी, कुलदीप अधिकारी, सुशील पोखरेल, भलनाथ खत्री, धनवहादर राई, लक्ष्मण देवकोटा, बसन्त उदास, सोनु सेढाइसँगै प्रकाश कँडेल र सरस्वती खत्रीको पनि अभिनय छ । प्रकाश र सरस्वती दुवैको यो डेब्यू फिल्म हो ।

छत्रेश्वरी म्यानेजमेन्टको ब्यानरमा स्वर्गीय मोति बिष्टको प्रस्तुति रहेको फिल्मको निर्माता टोपेन्द्र विष्ट हुन् । शिव ढकालको छायांकन रहेको फिल्ममा अर्जुन जिसीको सम्पादन, राज बहादुर सानेको कथा, निर्मल पौडेल, राजबहादुर साने र निर्देशक लक्ष्मण सुनार तथा विराज विष्टको पटकथा तथा संवाद छ । डोल्पा, जाजारकोट र रुकुम पश्चिमका विभिन्न स्थानमा फिल्म छायांकन भएको हो ।

ट्रेलर सार्वजनिक कार्यक्रममा अभिनेत्री पन्तले फिल्मको माध्यमबाट जारी प्रथा अन्त्यको आवाज उठाउने प्रयास गरिएको बताइन् । 'अहिले पनि कर्णालीमा जारी प्रथा यथावत् छ । र, यो चिज पूर्ण रुपमा हट्नु पर्छ भन्ने साझा अभियानले पनि यो फिल्म बनाउने कोशिश गरेका छौं,' उनले भनिन् । आफूलाई अझै कर्णालीका महिलाहरुको पात्रमा अभिनय गर्ने इच्छा रहेको पन्तको भनाई छ ।

'नाई नभन्नू ल ६' ट्रेलरमा प्रेम र वियोग

काठमाण्डु। विकासराज आचार्य निर्देशित फिल्म 'नाईं नभन्नू ल ६'को ट्रेलर सार्वजनिक गरिएको छ। बिहीबार इन्टरनेट रिलिज गरिएको ट्रेलर प्रेम र वियोगले भरिएको छ। अनुभव सेमी र योगिशा खत्रीको प्रेमबाट सुरु भएको ट्रेलर डेब्यू ब्वाई आशिर्वाद क्षेत्री र अभिनेत्री आँचल शर्माको प्रेम वियोगमा पुगेर टुंगिएको छ । ट्रेलरमा आँचलको प्रेमका खातिर आशिर्वादले गरेको एक्सन पनि समावेश छ । आशिर्वाद हाबी देखिएको ट्रेलरमा केकी अधिकारी, प्रियंका कार्की, सरोज खनाल, खड्ग बहादुर पुन (खबपु), अभिनेता निखिल उप्रेतीका छोरा अथर्वले पनि स्थान पाएका छन् ।

ट्रेलर हेर्दा यसपटक निर्देशक आचार्यले 'नाईं नभन्नू ल' सिरिजमै पहिलो पटक प्रेममा एक्सन मिसाएर दर्शकलाई नयाँ स्वाद दिन खोजेको देखिन्छ। ट्रेलरमा आशिर्वाद एक्सन अवतारमा छरितो देखिएका छन् । फिल्मलाई निर्देशक आचार्य, सामीप्यराज तिमल्सिना र अरुणदेव जोशीले लेखेका हुन् । भुपेन्द्र रायमाझी, बसन्त सापकोटा र शरद शंकरको संगीत रहेको फिल्म नयाँ वर्षको अवसर पारेर आगामी बैशाख १ गतेबाट प्रदर्शनमा आउने तयारीमा छ। 'नाईं नभन्नू ल'का अघिल्ला पाँटवटै श्रृंखला घरेलू बक्सअफिसमा निकै सफल भएकाले छैटौं सिरिजलाई लिएर पनि दर्शकमा अपेक्षा उच्च छ ।

रास्वपाले बारा २ बाट चुनाव लड्न गरेको प्रस्ताव विराज भट्टले किन नकारे ?

काठमाण्डु । आगामी बैशाख १० गते तीनवटा क्षेत्रमा हुन लागेको उपनिर्वाचनका लागि विभिन्न पार्टीहरु उम्मेदवारको नाम टुंगो लगाउन जुटेका छन् । यसबीच, बारा क्षेत्र नं. २ बाट चुनाव लड्न राष्ट्रिय स्वतन्त्र पार्टीले अभिनेता विराज भट्टलाई प्रस्ताव राखेको थियो । तर, उनले उक्त प्रस्ताव स्वीकार नगरेपछि स्वतन्त्र पार्टीले रमेश खरेल र युवराज न्यौपानेको नाम प्रारम्भिक उम्मेदवारको सूचीमा राखेको छ ।

मधेशी समुदायको बाहुल्यता रहेको बारा क्षेत्रमा भोजपुरी फिल्मको ठूलो पकड छ । र, विराज भोजपुरी फिल्मका सुपरस्टार हुन् । यही कारण रास्वपाले उनलाई चुनाव लड्न प्रस्ताव राखेको थियो । तर, विराजले तत्काल राजनीतिमा नआउने बताएपछि पार्टीले अन्य उम्मेदवार खोजेको हो । यद्यपि, उनले आफूलाई चुनाव लड्न रास्वपाले गरेको प्रस्तावलाई सकारात्मक रुपमा लिएका छन् । हाल मुम्बईमा रहेका उनले फिल्मीखबरसँग भने, 'हो, मलाई रास्वपाबाट चुनाव लड्नलाई प्रस्ताव आएको थियो । तर, मैले तत्काल राजनीतिमा आउने

इच्छा नभएको भनेर जानकारी गराएँ । बारा भोजपुरीसँग नजिक भएकाले पनि मलाई त्यो प्रस्ताव राख्नुभएको थियो होला । म यसलाई सकारात्मक रुपमा नै लिन्छु । मलाई यति योग्य सम्झिएकोमा उक्त पार्टीलाई धन्यवाद पनि भन्न चाहन्छु ।'

अहिले आफू फिल्ममा नै व्यस्त रहेकाले राजनीतिमा आउने विषयमा केही नसोचेको भट्टको भनाई छ । 'राजनीतिप्रति कहिल्यै रुचि पनि रहेन । भोलिका दिनमा राजनीतिमा आउनुपर्छ भन्ने भयो भने त्यसका लागि राम्रै पूर्वतयारी गर्नेछु । राजनीति गर्न चाहनेका लागि त चुनाव लड्न पार्टीले गरेको प्रस्ताव निकै राम्रो कुरा हो । तर, म चाहिँ राजनीतिमा आउन अहिले तयारै छैन,' भट्टले भने ।

भविष्यमा राजनीतिमा आउने सम्भावना चाहिँ छ ? भन्ने फिल्मीखबरको प्रश्नमा विराजले भने, 'अहिलेसम्म यसबारेमा केही सोचेको छैन । भविष्यमा आउँदै आउँदैनँ भनिहाल्न पनि उचित हुँदैन । तर, जसरी पनि गर्नुपर्छ भन्ने मनसाय पनि बनाएर बसेको छैन । र पनि देशको राजनीतिप्रति हाम्रो चासो चाहिँ हुनुपर्छ । नेपाली नागरिक भएको नाताले राजनीतिप्रति मेरो पनि चासो चाहिँ हुने गर्छ ।'

अभिनेता भट्टले आफू चाँडै नेपाल आएर नयाँ नेपाली फिल्मको तयारीमा जुट्ने पनि बताए । उनले 'साइलो २' निर्माण गर्न लागेको चर्चा लामो समयदेखि चलिरहेको छ ।रासस

रक्षा मन्त्रालयको जिम्मेवारी धेरै दृष्टिकोणले महत्त्वपूर्ण छ : उपप्रधानमन्त्री खड्का

काठमाण्डु । नवनियुक्त उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुरखड्कालेरक्षामन्त्रालयको जिम्मेवारी धेरै दृष्टिकोणले महत्त्वपूर्ण भएको बताउनुभएको छ ।

उपप्रधानमन्त्री तथा मन्त्री पदको सपथ लिएपछि आज मन्त्रालयमा पदबहालीका क्रममा

उहाँले भन्नुभयो, "मुलुकको भौगोलिक अखण्डताको रक्षा, जनता र राष्ट्रिय सुरक्षाका साथै रणनीतिक विकासका योजनासमेत नेपाली सेनामार्फत अगाडि बढाइरहेको सन्दर्भमा यो मन्त्रालयको ठूलो महत्त्व छ ।"

मलुक र जनताप्रति समर्पित भएर काम गर्ने प्रतिबद्धता व्यक्त गर्दै उपप्रधानमन्त्री खड्काले सबैभन्दा ठूलो जिम्मेवारी देशको माटोको रक्षा गर्ने भूमिका भएको र यसको जिम्मेवारीका लागि लगि मन्त्रालयको राष्ननीतिक महत्त्व रहेको धारणा व्यक्त गर्नुभयो । यीनै विषयका महत्त्वलाई बुझ्फेर नै सरोकार सबैसँग समन्वय र सहकार्यका साथ सामूहिक भावले आफ्ना काम अघि बढाउने उहाँको भनाइ थियो ।

फरक प्रसङ्गमा उपप्रधानमन्त्री खड्काले सरकारका प्राथमिकता सरकारको न्यूनतम साझा कार्यक्रममार्फत नै केही दिनमै सार्वजनिक गरिने जानकारी गराउनुभयो । सोहीअनुसार नै सरकारले विकास निर्माण तथा समृद्धिका लागि महत्त् वपूर्ण सुधारका कार्य गर्ने उहाँले बताउनुभयो ।

यस्तो छ नवनियुक्त उपप्रधानमन्त्री खड्काको जीवनी

नेपाली काग्रेसका उपसभापति खड्का पिता प्रेमबहादुर र माता मायादेवीको कोखबाट विसं २०१२ फागुन १७ गते जन्मनुभएको हो । वीरेन्द्रनगर नगरपालिका-७, सुर्खेत स्थायी ठेगाना भएका उहाँ हाल बूढानीलकण्ठ नगरपालिका-७, गल्फुटार, काठमाडौँ बस्दै आउनुभएको छ । उहाँको राजनीतिक यात्रा विसं २०३० मा नेपाल विद्यार्थी सङ्घबाट सुरु भएको हो ।

उहाँले त्रिभुवन विश्वविद्यालयबाट अर्थशास्त्रमा स्नातकोत्तर गर्नुभएको छ । उहाँ नेपाल विद्यार्थी सङ्घ केन्द्रीय क्याम्पस, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरको विसं २०३६-२०४१ सम्म सभापति हुनुभएको थियो । नेपाली कांग्रेस जिल्ला कार्यसमिति सुर्खेतको सभापति (विसं २०४४-२०४८) मा हुनभएका उहाँ नेपाली कांग्रेस (प्रजातान्त्रिक) को केन्द्रीय कार्यसमिति सदस्य (विसं २०६०-२०६४), नेपाली कांग्रेसको केन्द्रीय कार्यसमिति सदस्य (विसं २०६० देखि असोज ६, २०७०) हुनुभएको थियो ।

उहाँ नेपाली कांग्रेसको सहमहामन्त्री(असोज७, २०७०), महामन्त्री (वैशाख २१, २०७५) र पार्टीको १४औँ महाधिवेशनबाट केन्द्रीय उपसभापतिमा (पुस १, २०७८) निर्वाचित हुनभएको थियो ।

उपप्रधानमन्त्री खड्का लोकतन्त्र बहालीका लागि नेपाली कांग्रेस र भ्रातृ संस्था नेपाल विद्यार्थी सङ्घद्वारा सञ्चालित विभिन्न राजनीतिक आन्दोलनका क्रममा पटक-पटक गिरप्तार हुनुभएको थियो । उहाँ विसं २०३८ को राष्ट्रिय पञ्चायतको निर्वाचन बहिष्कारको पार्टी अभियानमा सहभागी हुँदा ३० दिन थुनामा, बहुदलीय व्यवस्था पुनःस्थापनाका लागि विसं २०४६ मा भएको ऐतिहासिक जनआन्दोलनका क्रममा तीन महिना जेल जीवन व्यतित गर्नुका साथै शाही शासनकाल विसं २०६० मा ४० दिन घरमै नजरबन्द हुनुभएको थियो ।

उहाँ विसं २०५५ मा युवा, खेलकुद तथा संस्कृति र जनसर्त्या तथा वातावरणमन्त्री हुनुभएको थियो । उहाँले वाणिज्य, सूचना तथा सञ्चार र उद्योग, गृह मन्त्रालयको जिम्मेवारी सम्हालिसक्नुभएको छ । उहाँ गत मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभाको निर्वाचनमा सुर्खेत निर्वाचन क्षेत्र नं १ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनभएको थियो ।

उपप्रधानमन्त्री खड्काले अष्ट्रेलिया, अष्ट्रिया, बङ्गलादेश, बेल्जियम, चीन, जर्मनी, हङकङ, भारत, जापान, केन्या, लग्जमबर्ग, नेदरल्यान्ड्स, कतार, सिङ्गापुर, श्रीलङ्का, स्वीट्जरल्यान्ड, थाइल्यान्ड, बेलायत, अमेरिका, युएई र कुवेतलगायत मुलुकको भ्रमण गरिसक्नुभएको छ ।रासस

सरकारले पूर्णता पायो, अब देशमा विकासले गति लिन्छ : प्रधानमन्त्री दाहाल

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले मुलुक र जनतासामु सय दिन पुगेको अनुभव सुनाउँदै भन्नुभयो, "मैले पहिलोपटक क्याबिनेट बस्दा अर्थतन्त्रको

देखिएका अहिलेका सबैखाले चुनौतीको समाधान गरिने विश्वास दिलाउनुभएको छ ।

रिपोर्टर्स क्लब नेपालको २५औँ वार्षिकोत्सव (रजत महोत्सव) को अवसरमा यहाँ आज आयोजित विशेष समारोहलाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, "मेरो यो कार्यकालको कुरा गर्दा म सुशासन, सामाजिक न्याय र समृद्धिको सपना बोकेर जनताको अगाडि खडा छु, सरकारलाई पूर्णता दिएको छु, मूलभूत रूपमा सरकारले पूर्णता पाएको छ, अब विकासका कामले गति लिनुपर्छ ।"

प्रधानमन्त्री दाहालले देश अहिले आर्थिकरूपले अप्ठ्यारो अवस्थामा गुज्रिएको टिप्पणी गर्दै देशमा सुशासनलाई प्राथमिकता दिने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले सरकारको एक सुधारको कुरा गरेको थिएँ, जनताले लिने सेवामा पनि सास्ती घटाउने कुरा गरेको थिएँ, अहिले ती कुरा हेर्दा सुधार भएको अनुभव छ, सुधार गर्न सकिन्छ भन्ने विश्वास बढेको छ ।" विप्रेषणको स्थितिमा गुणात्मक सुधार गर्नुका साथै राजस्व सङ्कलनमा पनि सुधार गर्ने र विदेशी सञ्चिति अझै सुधार गर्ने बताउँदै उहाँले आफूले प्रधानमन्त्रीको हैसियतमा अर्थ मन्त्रालय र राष्ट्र बैंकका गभर्नरसँग पटक-पटक बैठक बसेर आर्थिक क्षेत्रमा देखिएको समस्या हल गर्न पहल गरेको जानकारी दिनुभयो ।

प्रधानमन्त्री दाहालले मुलुकका सामु समस्या भए पनि अब सबैले मिलेर समाधान गरिने विश्वास व्यक्त गर्दै भन्नुभयो, "सबैको सहयोगले दिगो समाधान गर्न सकिन्छ, गत साल नेपालमा श्रीलङ्का बन्छ भन्ने आतङ्क जस्तो थियो, हामी नयाँ राजनीतिक पहलका साथ अघि बढ्दैछौँ ।"

तीन महिनामा धेरै काम भएका छन् : प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफ्नो नेतृत्वको सरकारले तीन महिनामा महत्वपूर्ण काम सम्पादन गरेर जनतामा आशा जगाउन सफल भएको बताउनुभएको छ ।

नेकपा (माओवादी केन्द्र)को केन्द्रीय कार्यालय पेरिसडाँडामा अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी)को केन्द्रीय समितिको बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले थिति बसाल्न तीन महिनामा महत्वपूर्ण काम भएको बताउनुभएको छ ।

प्रधानमन्त्रीले भन्नुभयो, "बेथितिहरू अन्त्य गर्न र थिति बसाल्न यस अवधिमा महत्वपूर्ण काम भएका छन् । मन्त्रिपरिषद्को बैठकले निजी क्षेत्रको समस्या समाधानका लागि मौद्रिक नीतिमा सहजीकरण गरिएको छ ।"

राजस्व सङ्कलनमा सुधार आएको, विदेशी मुद्रा सञ्चिति बढेको र विप्रेषणमा सुधार आएको उल्लेख गर्दै उहाँले सेवा प्रवाह गर्ने कार्यालयका लामा-लामा लाइन हटेको बताउनुभयो । राहदानी, सवारी चालक अनुमतिपत्रलगायतका काममा विगतको झन्झट हटेको जानकारी दिँदै प्रधानमन्त्रीले यसलाई ठीक ढङ्गले बुझ्फेर जनतामा लैजानुपर्ने बताउनुभयो ।

"सुशासन र समृद्धिका लागि महत्वपूर्ण काम भएका छन् । कानुन निर्माणका कामले गति लिएका छन्", प्रधानमन्त्रीले भन्नुभयो, "एउटा समीकरणबाट सरकार गठन भयो, तर राष्ट्रिय सहमति खोज्दै जाँदा सहमति भएन, त्यसपछि अर्को गठबन्धनमा जानुपर्ने परिस्थिति आयो । त्यसले गर्दा कतिपय भएका काम पनि ओझेल परेकोजस्तो छ । आज सरकार विस्तार भएपछि सरकारले गति लिन्छ ।"

नेपालको क्रान्तिकारी आन्दोलनमा महिलाले प्रदर्शन गरेको वीरता र बलिदानबाट नेपालमा युगान्तकारी परिवर्तन आएको स्पष्ट पार्दै प्रधानमन्त्रीले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको र संविधानले महिला अधिकारलाई उचाइका साथ प्रबन्ध गरेको बताउनुभयो ।

प्रधानमन्त्रीले भन्नुभयो, "विश्व राजनीति नै नयाँ ध्रुवीकरणमा छ । त्यसको विश्वव्यापी प्रभाव छ । रूस-युक्रेन युद्धपछि विश्व परिस्थितिमा आएका फेरबदललाई ठीक ढङ्गले बुझ्न र सोहीअनुरूपको राष्ट्रिय नीति आवश्यक छ ।"

बैठकमा अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी)का अध्यक्ष अमृता थापाले सङ्गठनको पछिल्लो अवस्था र आगामी दिनमा सम्पादन गर्नुपर्ने कामका बारेमा जानकारी गराउनुभएको थियो । रासस

उहाँले नेपालको पत्रकारिता क्षेत्रले राजनीतिक परिवर्तनमा महत्त् वपूर्ण भूमिका खेलेको उल्लेख गर्दै देशको परिस्थितिमा सुशासन र न्यायका लागि सबैले मिलेर काम गर्नुपर्नेमा जोड दिनुभयो । रासस

शान्ति सुरक्षा र अमनचयन कामय गर्नु गृहको मुख्य काम हो : गृहमन्त्री श्रेष्ठ

काठमाण्डु । नवनियुक्त उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले मुलुकमा शान्ति सुरक्षा र अमनचयन कायम गर्नु गृह मन्त्रालयको प्रमख जिम्मेवारी भएको बताउनुभएको छ । सिंहदरबारस्थित गृह मन्त्रालयमा आज पदबहाली गर्दै उहाँले सूत्र परिचालन कार्यविधि, २०७८ (सुराकीको नाममा गृहमन्त्री र सचिवले खर्च गर्ने प्रचलन) खारेजीको प्रस्ताव र मिटरब्याजी पीडितको समस्यालाई समाधान गर्न सर्वाधिकार सम्पन्न आयोग गठन गर्ने प्रस्तावसम्बन्धी निर्णय गर्नुभयो ।

विगतका सरकारले गरेका कामलाई निरन्तरता दिँदै बाँकी काम अघि बढाउने उल्लेख गर्दै गृहमन्त्री श्रेष्ठले भन्नुभयो, "काम गर्दा कुनै पनि दबाबमा परेर काम नगर्नुस् तर जनताको सेवालाई ध्यानमा राखेर काम गर्नुस् ।" वर्तमान सरकारको मुख्य चारवटा राष्ट्रिय कार्यभार भएको र त्यो कार्यभार पूरा गर्न सबैको सहयोग जरुरी भएको बताउनुभयो ।

"राष्ट्रिय एकता सुदृढ गर्नु, राजनीति उपलब्धिको रक्षा गर्नु तथा शान्ति प्रक्रियाको बाँकी काम पूरा गर्नुछ", उहाँले भन्नुभयो, "सामाजिक न्यायसहितको सामाजिक आर्थिक रूपान्तरण गर्ने र जनताको जीवन परिवर्तन हुने गरी विकास र समृद्धिको काम गर्ने उद्देश्य रहेको छ ।"

गृहमन्त्री श्रेष्ठले पद र जिम्मेवारीको इमान्दारपूर्वक काम गरी समयको पालना गर्नुपर्ने उल्लेख गर्दै भ्रष्टाचार न्यूनीकरणमा शून्य सहनशिलता कायम गर्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "म घुस खान्न, उपहार लिन्न, कामलाई विश्वास गर्छु ।"

राष्ट्रिय सहमतिका आधारमा नागरिकता विधेयक ल्याएरनागरिकतासमबन्धीसमस्या समाधान गर्ने र महिला हिंसा रोक्नका आवश्यक कदम चाल्नसमेत मन्त्री श्रेष्ठले निर्देशन दिनुभयो । उपप्रधान तथा गृहमन्त्री श्रेष्ठले आफूले १० वर्षअघि छोटो समय गृह मन्त्रालय सम्हाल्दाको समय स्मरण गर्दै पुनः पाएको जिम्मेवारी राम्रोसँग निभाउने प्रतिबद्धता व्यक्त गर्नुभयो । रासस

मन्त्री यादवद्वारा पदभार ग्रहण

काठमाण्डु । नवनियुक्त महिला, बालबालिका तथा जेष्ठ नागरिकमन्त्री महिन्द्र राय यादवले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय नीति तर्जुमा समिति गठन गर्ने निर्णय गर्नुभएको छ ।

मन्त्री यादवले शुक्रबार पदबहाली गर्दै महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयलाई समाजले हेर्ने दृष्टिकोणमा रुपान्तरण गर्न आवश्यक रहेको बताउनुभयो । "महिलाको अधिकारको लागि बनाउनुपर्ने कानुन, वर्तमान मन्त्रालयका यथास्थितिका समस्यालाई सामूहिक छलफल गरी समाधान गर्छौं । जनतालाई सुशासनको अनुभूति दिलाउँछौं ।" उहाँले भन्नुभयो ।

मन्त्री यादव यसअघि २०५४ सालमा राज्यमन्त्री, २०६४ मा सिँचाइमन्त्री, २०६७ मा उद्योगमन्त्री र सामान्य प्रशासनमन्त्रीको जिम्मेवारी पाउनुभएको थियो ।

गत मङ्सिर ४ को निर्वाचनमा सर्लाही जिल्लाको निर्वाचन क्षेत्र नं २ बाट प्रत्यक्षतर्फ प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको थियो । उहाँले दोस्रो संविधानसभा सदस्य निर्वाचनमा पनि सर्लाही-४ बाट निर्वाचित हुनुभयो ।रासस

आवधिक नगद योजना तर्जुमा समिति बनाउने निर्णय

काठमाण्डु । नवनियुक्त अर्थमन्त्री डा प्रकाशशरण महतले कार्यभार सम्हाल्नुहुँदै सरकारको आवधिक नगद योजना प्रणालीलाई व्यवस्थित गर्दै जाने निर्णय गर्नुभएको छ ।

अर्थमन्त्री महतले सरकारको आवधिक नगद योजना तर्जुमा समिति बनाउने पहिलो निर्णय गर्नुभएको हो । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २७ मा नगद योजना तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ । नियमावलीमा "अर्थ मन्त्रालयले नेपाल सरकारको नगद आवश्यकतालाई विश्लेषण गरी बजेट कार्यान्वयनका लागि नगद व्यवस्थापन गर्न महालेखा नियन्त्रक कार्यालय, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय र नेपाल राष्ट्र बैंकको समन्वयमा आवधिक नगद योजना (पिरियोडिक क्यास प्लान) तर्जुमा गर्नुपर्नेछ", भनी उल्लेख छ ।

सोही व्यवस्थाअनुसार सरकारको नगद प्रवाहसम्बन्धी विश्लेषण र हरेक महिनाको आम्दानी तथा खर्चको विश्लेषणका लागि यस्तो समिति बनाइएको छ । "हरेक महिना सरकारले कति आम्दानी र खर्च गर्छ भन्ने विश्लेषण गर्नका लागि यस्तो समिति बनाइएको हो । यो समितिको बैठक हरेक महिना कम्तीमा एकचोटि बस्छ", अर्थसचिव तोयम रायाले भन्नुभयो । समितिमा अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, नेपाल राष्ट्र बैंक र सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका पदाधिकारीहरू रहनेछन् । रासस

मन्त्रालयलाई प्रतिष्ठित बनाउछु : नवनियुक्त मन्त्री भण्डारी

काठमाण्डु । नवनियुक्त श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले मन्त्रालयलाई मर्यादित र प्रतिष्ठित बनाइने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । सिंहदबारस्थित मन्त्रालयमा पदवहालीका क्रममा उहाँले स्वदेश मै रोजगार सिर्जना तथा वैदेशिक रोजगारीलाई व्यवस्थित, मर्यादित र सम्मानित बनाइने बताउनुभयो । मुलुकको समृद्धिका लागि श्रम मन्त्रालयले योगदान गर्न सक्ने गरी मन्त्रालयलाई सञ्चालन गरिने बताउनुभयो ।

अहिले मन्त्रालयले गरिरहेका सम्पूर्ण कामकारबाहीलाई पुनरावलोकन गरिने उहाँको भनाइ छ । उहाँले सीप्युक्त दक्ष जनशक्तिलाई वैदेशिक रोजगारीमा पठाउन पहल गरिने बताउनुभयो । पदवहालीका क्रममा मन्त्री भण्डारीले अभिमुखीकरण सेवा प्रदायक संस्थाका कामकारबाहीलाई थप प्रभावकारी बनाउन कार्यदल गठन गर्नेसम्बन्धी निर्णय गर्नुभएको छ । रासस

मन्त्रालयको कामलाई नतिजामुखी बनाउने छु : ऊर्जामन्त्री बस्नेत

काठमाण्डु । नवनियुक्त ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले मुलुकको आर्थिक समृद्धिको महत्त्वपूर्ण आधार रहेको ऊर्जा क्षेत्रको विकासका लागि सम्पूर्ण ध्यान केन्द्रित हुने विश्वास व्यक्त गर्नुभएको छ ।

सिंहदबारस्थित मन्त्रालयमा आज पदवहालीका क्रममा उहाँले उपलब्ध स्रोत साधनको अधिकतम उपयोग गर्दै मुलुक र जनतालाई लाभ हुने गरी काम गर्न जरुरी रहेको उल्लेख गर्नुभयो । उहाँले सबैको विज्ञताको भरपुर सदुपयोग गर्दै मन्त्रालय र मातहत निकायको कामलाई प्रभावकारी र नतिजामुखी बनाइनुपर्नेमा जोड दिनुभयो ।

ऊर्जामन्त्री बस्नेतले मुलुकको विकासका निम्ति ऊर्जाको विविध आयामको अवसरको भरपुर सदुपयोग गर्न जरुरी रहेको भन्दै उक्त प्रयोजनका निम्ति नीतिगत र संरचनागत सुधार गरिने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "देशको समृद्धिले नागरिकको जीवनस्तरमा सुधार ल्याउनुपर्छ । मानिसमा पैदा भएको निराशालाई आशावादी बनाउने ढङ्गले परिणाममुखी काम गर्न जरुरी छ ।"

मन्त्री बस्नेतले मुलुक विशिष्ट परि स्थितिमा रहेकाले विशिष्टीकृत ढङ्गले काम गर्न जरुरी रहेको खाँचो औँल्याउनुभयो । "मानिसमा आशावाद जगाउन जरुरी छ । मुलुकको आवश्यकताका आधारमा 'टिम स्पिरिट' का साथ इमान्दारीपूर्वक काम गर्न सबै सक्रिय हुनुपर्छ", उहाँले भन्नुभयो ।

ऊर्जामन्त्रीको पहिलो निर्णय

ऊर्जामन्त्री बस्नेतले पदबहालीसँगै पहिलो निर्णयका रूपमा विश्व मौसम सङ्गठन (डब्लुएमओ) बाट विकास भई मन्त्रालयमा रहेको 'साउथ एसिया फ्लास फ्लड गाइडेन्स सिस्टम' तथा डब्लुएमओसँग सम्बन्धित कार्यका लागि समन्वय र सहकार्य गर्न सम्पर्क व्यक्ति तोक्ने निर्णय गर्नुभएको छ । जल तथा मौसम विज्ञान विभागको बाढी पूर्वानुमान शाखालाई फोकल शाखा र उक्त शाखाका सि.डि.हाइड्रोलोजी सुनिल पोखरेललाई नेशनल फोकल प्वाइन्ट तोक्ने निर्णय गरिएको छ ।

ऊर्जा मन्त्रालयका सचिव दिनेशकुमार घिमिरेले मन्त्रालयले अनुभवी र निर्भिक मन्त्री पाएको भन्दै

मन्त्रीको स्पिरिटमा मन्त्रालयको कामलाई नतिजामुखी बनाउन हरसम्भव प्रयास गर्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले मन्त्रालय मातहत निकायको कामलाई प्रभावकारी समन्वयका साथ अघि बढाउने उल्लेख गर्नुभयो ।

मन्त्री बस्नेतको राजनीतिक यात्रा

उर्जा, जलस्रोत तथा सिँचाइमन्त्री बस्नेतले यसअघि विसं २०६८ मा स्वास्थ्य तथा जनसर्त्यामन्त्री, विसं २०७२ मा गृहमन्त्री र २०७४ मा वन तथा वातावरणमन्त्रीको जिम्मेवारी पाइसक्नुभएको छ ।

गत मङ्सिर ४ गतेको निर्वाचनमा जाजरकोट जिल्लाबाट प्रत्यक्षतर्फ प्रतिनिधिसभा सदस्यमा मन्त्री बस्नेत निर्वाचित हुनुभएको थियो । उहाँको जन्म विसं २०२७ मा जाजरकोट जिल्लाको भेरी नगरपालिका-१, कालेगाउँमा भएको थियो । तीन दशकदेखि राजनीतिमा आबद्ध मन्त्री बस्नेतको राजनीतिक यात्रा भने विसं २०४१ मा अनेरास्वविबाट भएको थियो । उहाँले अनेरास्वविको विद्यालय एकाइ समिति र जिल्ला समिति सदस्यबाट राजनीतिक यात्रा सुरु गर्नुभयो ।

विसं २०४७ मा नेकपा (मशाल) को सदस्यता जिल्ला समन्वय समिति सदस्य, क्षेत्रीय ब्युरो सदस्य हुँदै नेकपा (एकता केन्द्र) र विसं २०५५ मा माओवादी केन्द्रीय सदस्य बन्नुभयो । उहाँ पार्टीभित्र पोलिटब्युरो सदस्य, एमाओवादी स्थायी समिति सदस्य हुँदै विसं २०७५ मा नेकपा (एमाले) को स्थायी समिति सदस्य बन्नुभयो । उहाँले राजनीतिक आन्दोलनका क्रममा १२ वर्ष भूमिगत जीवन बिताउनुभएको थियो ।

पहिलो पटक विसं २०७० को संविधानसभा सदस्यका रूपमा उहाँको संसदीय यात्रा सुरु भएको थियो । उहाँ दोस्रो पटक विसं २०७४ को निर्वाचनमा जाजरकोट-१ बाट प्रत्यक्षतर्फ प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभयो । रासस

जनकपुर टुडे

हिन्दु डाक्टरको गोली हानेर हत्या

एएनआई

इस्लामावाद । एक जना हिन्दु धर्मावलम्बी चिकित्सकको कराँचीमा गोली हानेर हत्या भएको छ । आफ्नो क्लिनिकबाट घर फर्कदै गरेका डाक्टर बीरबल गेनानीको बिहीबार गोली हानेर हत्या भएको हो ।

कराँची महानगरपालिकाका पूर्वस्वास्थ्य निर्देशक तथा आँखा विशेषज्ञ डा गेनानीलाई अज्ञात समूहले गोली हानेको र उनको घटनास्थलमा नै मृत्यु भएको प्रहरीले जनाएको छ ।

डा गेनानीसँगै रहेकी एक जना सहयोगी चिकित्सलाई पनि गोली लागेको छ । उनलाई तत्काल अस्पताल पुऱ्याइएको थियो । हाल उनी जोखिममुक्त भएकी छन् । आक्रमणकारीका सम्बन्धमा ती महिला चिकित्सकसँग प्रहरीले सोधपुछ गरेको छ । अभियुक्तलाई कानुनको कठघरामा उभ्याउने प्रतिबद्धता पनि प्रहरीले व्यक्त गरेको छ ।

पूर्वअमेरिकी राष्ट्रपतिविरुद्ध फौजदारी अभियोग

एपी

न्युयोर्क । पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पविरुद्ध फौजदारी अभियोग लागेको छ । वर्षौंको अनुसन्धानपछि म्यानहाटनको ग्रान्ड जुरीले उहाँलाई फौजदारी अभियोग लगाएको हो ।

फौजदारी अभियोगबारे ग्रान्ड जुरीले स्पष्ट नगरे पनि विवाहेत्तर यौन सम्बन्धलगायत दुई दर्जन मुद्दा पूर्वराष्ट्रपतिलाई लाग्ने सञ्चारमाध्यमहरूले जनाएका छन् । जुरीको उक्त निर्णयसँगै उहाँको राजनीतिक एवम् व्यापारिक कारोबार प्रभावित हुनाका साथै पुनः राष्ट्रपतिमालड्ने उहाँको योजना चकनाचुर भएको छ ।

सन् २०१६ को राष्ट्रपतीय निर्वाचन अघि ट्रम्पले अश्लिल चलचित्रकी नायिका स्टर्मी डेनियलसँग कायम गरेको यौनसम्बन्ध र त्यसलाई गोप्य राख्न उनलाई भुक्तान गरिएको एक लाख ३० हजार अमेरिकी डलरलाई मुख्य मुद्दा बनाइएको जनाइएको छ । ट्रम्पविरुद्धका मुद्दाको विस्तृत विवरण सार्वजनिक गरिएको छैन । डेनियलले पनि आफूलाई ट्रम्पले मौन रहन रकम दिएको दाबी गरेकी छन् ।

पूर्वराष्ट्रपति ट्रम्पले आफूमाथि लगाइएको उक्त आरोपको खण्डन गर्नुभएको

छ । उहाँले आफूमाथि लगाइएको आरोपलाई राजनीतिक स्वार्थबाट प्रेरित भन्नुभएको छ । उहाँका छोरा एरिकले आसन्न राष्ट्रपतिको चुनावलाई लक्ष्य गरेर विपक्षीले उक्त आरोप लगाएका बताएका छन् ।

म्यानहाटनस्थित सरकारी वकिलको कार्यालयले पूर्वराष्ट्रपतिको आत्मसमर्पणको सहजीकरणका निम्ति उहाँका वकिलसँग सम्पर्क गरिएको बताएका छन् । हाल फ्लोरिडामा रहनुभएका उहाँ आगामी मङ्गलबार न्युयोर्कको अदालतमा उपस्थित हुने अपेक्षा गरिएको छ । अदालतमा उहाँले आफू निर्दोष रहेको दलिल प्रस्तुत गर्दै अपील गर्ने सम्भावना छ । उहाँलाई अदालतले धरौटीमा रिहा गर्ने सम्भावना पनि रहेको छ । शुक्रबार नै उहाँलाई आत्मसमर्पण गर्न भनिएको थियो तर उहाँका वकिलहरूले केही समय माग गरेका थिए ।

अमेरिकाको इतिहासमा पूर्वराष्ट्रपतिलाई फौजदारी अभियोग लागेको यो पहिलो घटना हो ।

नेपाललाई थ्री नेसन्स कपको उपाधि

काठमाण्डु । नेपालले लाओसलाई हराउँदै प्रधानमन्त्री श्री नेसन्स कपको उपाधि जितेको छ । शुक्रबार दशरथ रंगशालामा सम्पन्न फाइनलमा नेपालले पहिलो हाफमै गोल खाएपनि उत्कृष्ट पुनरागमन गर्दै २-१ को जित दर्ता गरेको हो ।

लाओसका लागि फोन्साक सिसाभाथले अग्रता दिलाएपछि नेपालका आयुष घलानले बराबरी गोल फर्काए । मनिष डाँगीले अन्त्यतिर गोल गर्दै नेपाललाई उपाधि दिलाए ।

खेलको १७ औं मिनेटमा लाओसले अग्रता लियो । उत्कृष्ट पासिङ मुभमा निर्मित आक्रमणलाई फोन्साक सिसाभाथले गोलमा परिणत गरे । पेनाल्टी क्षेत्र बाहिरबाट दिएको पास डिफ्लेक्ट हुँदा डिफेन्स लाइन बिट भएपछि फोन्साकले सहजै गोल गरे ।

२२ औं मिनेटमा नेपालको बराबरी गर्ने प्रयासमा गोलरक्षक सेसाभाथ बाधक बने । नविन लामाको फ्रिकिकमा सनिश श्रेष्ठको प्रयास गोलरक्षकले बचाएका थिए ।

२४ औं मिनेटमा नेपालले बराबरी गोल फर्कायो । आयुष घलानले पेनाल्टी क्षेत्र भित्र सुन्दर फिनिस गरेपछि नेपाल बराबर गर्न सफल भयो । एरिक विष्टले दिएको पासलाई आयुषले पेनाल्टी क्षेत्र भित्र अघि बढाउँदै गोल गरे ।

लगत्तै नेपालले अग्रता लिने अवसर गुमायो । मनिषले विंग ब्याकलाई बिट गरेपछि पेनाल्टी क्षेत्र भित्र कटब्याक गर्दै नविनलाई दिए । नविनले ६ यार्ड बक्स अगाडीबाट दिएको पास आयुषले गोल गर्न सकेनन् ।

दोस्रो हाफको ५५ औं मिनेटमा नेपाल अग्रता लिनबाट चुक्यो । मनिष डाँगीले दायाँ विंगबाट दिएको क्रसलाई दिपक र आयुषले ६ यार्ड बक्स भित्रबाट गोलको दिशा दिन सकेनन् । ६१ औं मिनेटमा आयुषले अग्रता दोब्बर पार्ने सुवर्ण अवसर गुमाए । नविनको क्रसमा गोलरक्षक फ्रन्ट पोस्टमा बिट भएपछि आयुषले खाली पोस्टमा हेडरलाई पोस्टको दिशा दिन सकेनन् ।

६९ औं मिनेटमा निशान खड्काको फ्रिकिक क्रसबारमा लागेर फर्कदा नेपाल अग्रता लिनबाट बन्चित भयो । ७४ औं मिनेटमा मनिष डाँगीले अन्जन विष्टको प्रहारमा आएको रिबाउन्डलाई पोस्टभित्र छिराएपनि असिस्टेन्ट रेफ्रीले अफसाइडका लागि झन्डा उठाए ।

खेलको ८७ औं मिनेटमा मनिषले नेपाललाई अग्रता दिलाए । अन्जनले दिएको पासलाई पेनाल्टी क्षेत्रभित्र नियन्त्रणमा लिँदै मनिषले गरेको शक्तिशाली लो प्रहार गोलरक्षकले बचाउन सकेनन् । रासस

इन्दोर मन्दिर दुर्घटनाः छत्तीस जनाको मृत्यु, मन्दिर प्रशासनविरुद्ध मुद्दा दर्ता

एएनआई

इन्दोर । रामनवमी पर्व मनाउन पटेलनगरस्थित शिव मन्दिरमा भेला भएका भक्तजन त्यहाँ रहेको इनारमा खस्दा ज्यान गुमाउनेको सङ्ख्या ३६ पुगेको छ । इनारमा खसेर बेपत्ता भएकाहरूको खोजी जारी छ । राज्य सरकारले मन्दिर प्रशासनविरुद्ध मुद्दा दायर गरेको छ ।

सिमेन्टको स्ल्याबले ढाकिएको इनारमाथि पूजाअर्चनाका निम्ति बिहीबार भक्तजन भेला भएका थिए । भीडको भार थाम्न नसक्दा स्ल्याब भत्कँदा उनीहरू इनारमा खसेका थिए । इन्दोरका प्रहरी आयुक्त मकरन्द देवस्करले मन्दिर प्रशासनका अध्यक्ष र सचिवविरुद्ध अनजानमा हत्या गरिएको भन्दै मुद्दा दर्ता गरिएको बताएका छन् ।

आयुक्त देवस्करका अनुसार १४ जनाको उद्धार गरिउको

छ । दुई जना उपचारपछि घर फर्केका छन् । एक जना अझै हराइरहेका छन् । पचहत्तर जना भारतीय सेनाका अधिकारीको १८ घण्टा लामो प्रयासमा उनीहरूलाई उद्धार गरिएको थियो । घटनाबारे जानकारी पाउने वित्तिकै मध्यप्रदेशका मुख्यमन्त्री शिवराज सिंह चौहान तथा गृहमन्त्री नरेन्द्र मिश्र घटनास्थल पुगुभएको थियो । उहाँहरूले द्रुत गतिमा उद्धार गर्न निर्देशन दिँदै घाइतेहरूको निःशुल्क उपचार गर्न सम्बद्ध निकायलाई निर्देशन दिनुभएको थियो ।

राज्य सरकारले दोषीलाई कारबाही गर्ने प्रतिबद्धता व्यक्त गर्दै घटनाको छानबिन गर्न निर्देशन दिएको छ । यसैबीच प्रधानमन्त्री नरेन्द्र मोदीले घटनामा ज्यान गुमाएकाहरूका परिवारलाई आर्थिक सहयोग प्रदान गर्ने घोषणा गर्नुभएको छ ।

भर्जिन अर्बिटले आफ्ना ८५ प्रतिशत कर्मचारी कटौती गर्ने

एएफपी

वासिङ्टन । रिचार्ड ब्रान्सनले स्थापना गरेको 'स्याटेलाइट लन्च' कम्पनी भर्जिन अर्बिटले आफ्ना ८५ प्रतिशत कर्मचारीलाई हटाउने घोषणा गरेको छ ।

क्यालिफोर्नियास्थित कम्पनीले अमेरिकी सेक्युरिटिज एन्ड एक्सचेन्ज कमिसनलाई दिएको जानकारीअनुसार कम्पनीले खर्च घटाउन करिब ६७५ जनालाई जागिरबाट विदा गर्न लागेको हो ।

रोजगारी कटौतीको काम अप्रिल ३ सम्ममा पूरा हुने अपेक्षा गरिएको छ ।

बेलायती भूमिबाट अन्तरिक्षमा पहिलो रकेट प्रक्षेपण गर्ने प्रयास असफल भएपछि भर्जिन अर्बिटलाई यस वर्षको सुरुमा ठूलो धक्का लागेको थियो ।

कम्पनीले बेलायती अन्तरिक्ष एजेन्सी र कोर्नवाल स्पेसपोर्टसँग मिलेर नौ वटा भूउपग्रह अन्तरिक्षमा प्रक्षेपण गर्ने अभियानको आयोजना गरेको थियो ।

यस महिनाको सुरुमा, कम्पनीले धेरै दिनको लागि प्रक्षेपण स्थगित गरी वित्तपोषण वार्ताहरू गरेको थियो र रणनीतिक अवसर हरूको खोजी गरेको थियो ।

तर बिहीबार भएको सर्वदलीय बैठकमा प्रमुख कार्यकारी अधिकृत डान हार्टले आफ्ना कर्मचारीलाई 'निकट भविष्यका लागि' काम बन्द गर्ने बताउनुभएको थियो ।

सीएनबीसीलाई प्राप्त एक रिपोर्टमा हार्टले भन्नुभयो, "दुर्भाग्यवश, हामी यस कम्पनीको लागि स्पष्ट मार्ग प्रदान गर्न कोष सुरक्षित गर्न सक्षम भएका छैनौं ।"

न्यूयोर्क स्टक एक्सचेन्जमा भर्जिन अर्बिटको शेयर बिहीबार साँझ १६ प्रतिशतले घटेर ३४ सेन्टमा झरेको थियो ।

लिटिल बने आइपिएल खेल्ने पहिलो आयरल्यान्डका खेलाडी

एजेन्सी - तीव्र गतिका बलर जोशुवा लिटिल इन्डियन प्रिमियर लिग (आइपिएल) खेल्ने पहिलो आयरल्यान्डका खेलाडी बनेका छन् । आइपिएलको पहिलो खेलमा गुजरात टाइटन्सले चेन्नई सुपर किंग्सविरुद्ध टस जितेर पहिला फिल्डिङ गर्ने निर्णय लिँदै लिटिललाई डेब्यू दिएको छ ।

नरेन्द्र मोदी स्टेडियम अहमदाबादमा लिटिलले आइपिएलमा खेल्दैछन् । उनी आयरल्यान्डबाट आइपिएल खेल्ने पहिलो खेलाडी बनेका छन् । २३ वर्षीय बायाँ हाते बलर जोशुवा लिटिललाई सावित च्याम्पियन गुजरात टाइटन्सले गत डिसेम्बरमा अक्सनमा ४ करोड ४० लाख भारुमा किनेको छ ।

आइपिएल इतिहासमा उनी आयरल्यान्डबाट पहिलो पटक अक्सनमा बिक्ने खेलाडी समेत बनेका थिए । टि२० विश्वकपमा गत नोभेम्बरमा लिटिलले न्युजिल्यान्डविरुद्ध ह्याट्रिक लिँदै सानदार प्रदर्शन गरेका थिए । उक्त विश्वकपमा लिटिलले सानदार प्रदर्शन गर्दै ११ विकेट लिएका थिए । लिटिल नयाँ बल र डेथ ओभर दुबैमा सानदार प्रदर्शनका लागि चिनिन्छन् ।

लिटिलले अक्सनमा ५० लाख भारु न्यूनतम मूल्य तोकेका थिए । तर लखनउ र गुजरातबीच प्रतिस्पर्धा भएपछि करोडमा बिकेका हुन् । लिटिलले ५३ टि२० आई खेलमा ६२ विकेट लिएका छन् ।

उनको टि२० आईमा इकोनमी ७.६५ हुँदा उत्कृष्ट प्रदर्शन ४-२३ छ । उनले २५ ओडिआई खेलमा ३८ विकेट लिएका छन् । लिटिलको बलिङमा भैरै भेरियसन हुँदा गुजरातले उनलाई किनेको हो । गतवर्ष लिटिल चेन्नई सुपर किंग्सको नेटबलरको रुपमा रहेका थिए ।

गुजरातको प्लेइङ ११ :

ऋद्धिमान शाह, शुभमन गिल, केन विलियसम्न, हार्दिक पान्ड्या, विजय शंकर, राहुल टेवाटिया, राशिद खान, मोहम्मद शामी, जोशुवा लिटिल, यश दयाल र अल्जारी जोशेफ ।

चेन्नईको प्लेइङ ११ :

डेभन कन्वे, ऋतुराज गायकवाड, मोईन अली, बेन स्टोक्स, रविन्द्र जडेजा, शिवम दुबे, अम्बाती रायुडु, महेन्द्रसिंह धोनी, मिचेल सान्टनार, दीपक चाहर र राजवर्धन हांगरगेकर

वाल स्ट्रीट जर्नलका संवाददाता जासुसीको आरोपमा पक्राउ

एपी

वासिङटन । रुसको सुरक्षा सेवाले जासुसी गरेको आरोपमा वाल स्ट्रीट जर्नलका संवाददातालाई पक्राउ गरेको छ । शीतयुद्धपछि पहिलोपटक अमेरिकी पत्रकार रुसमा पक्राउ परेका हुन् । पत्रिकाले रुसी आरोप अस्वीकार गर्दै उनको तत्काल रिहाइको माग गरेको छ । साथै पत्रिकाले उनका परिवारजनप्रति ऐक्यबद्धता प्रकट गरेको छ ।

एकतीस वर्षीय इभान गर्शकोविचलाई रुसको चौथो ठूलो शहर येकातेरिनबर्गबाट बुधबार पक्राउ गरेको हो । रुसको सङ्घीय सुरक्षा सेवाले उनलाई गोप्य सूचना प्राप्त गर्न खोजेको आरोप लगाएको छ । अमेरिकाको निर्देशनमा उनले रुसी सैनिक र उसका गतिविधिबारे सूचना सङ्कलन गरेको आरोप लगाइएको छ ।

रुसको गुप्तचर सेवा एफएसबीले पत्रकार गर्शकोविचलाई पक्राउ गरेको हो । शोभियत युगको गुप्तचर निकाय केजिबीको मुख्य उत्तराधिकारीका रूपमा एफएसबी परिचित छ ।

अध्यागमन हिरासत आप्रवासी मृत्यु प्रकरणः छ जनाविरुद्ध पक्राउ पुर्जी जारी

एपी

मेक्सिको सिटी । मेक्सिकोको एक अदालतले अमेरिकासँगको सीमावर्ती शहर सिउडाड जुआरेजको अध्यागमन हिरासतमा हालै भएको आगजनीको घटनालाई वेवास्ता गरेको अभियोगमा छ जनाविरुद्ध पक्राउ पुर्जी जारी गरेको छ ।

अध्यागमन कार्यालयका तीन जना अधिकारी र सुरक्षा गार्डविरुद्ध अदालतले पक्राउ पुर्जी जारी गरेको सङ्घीय अभियोजकहरूले बताएका छन् । उनीहरूलाई हालसम्म पाँच जनालाई पक्राउ गरिएको जानकारी पनि दिएका छन् ।

यसै साता जुआरेजको अध्यागमन हिरासतमा मध्य तथा दक्षिण अमेरिकाबाट अमेरिका जाने प्रयासमा रहेका ४० जना आप्रवासीको जलेर मृत्यु भएको थियोभने सत्ताइस जनाभन्दा बढी गम्भीर घाइते भएका थिए ।

हिरासतमा रहेका आप्रवासीले आफूहरूलाई देश निकाला गरिने जानकारी पाएपछि गद्दा जलाएर विरोध गर्दा उक्त घटना भएको थियो । अध्यागमन अधिकारी र सुरक्षाकर्मी आगो लागेको देखे पनि त्यसलाई वेवास्ता गर्दै आफ्नो गन्तव्यतर्फ लागेका थिए । आगलागीमा ज्यान गुमाउने तथा घाइते हुनेमा ग्वाटेमाला, होन्डुरस, भेनेजुएला, एल साल्भाडोर, कोलम्बिया र इक्वेडरका नागरिक छन् ।

भारतमा फेरि कोरोनाका बिरामी बढे, सचेत रहन डब्ल्युएचओको आग्रह

एएनआई

नयाँदिल्ली । भारतमा पुनः कोरोनाका बिरामी बढेका छन् । बितेका पाँच महिनाको अवधिमा शुक्रबार सबैभन्दा धेरै सङ्क्रमित फेला परेका हुन् । शुक्रबार एकै दिन तीन हजार ९५ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको केन्द्रीय स्वास्थ्य मन्त्रालयले जनाएको छ । यो सङ्ख्या झण्डै छ महिना यताकै उच्च हो । बुधबार तीन हजार सङ्क्रमित फेला परेका थिए ।

उक्त मन्त्रालयले शुक्रबार सार्वजनिक गरेको अद्यावधिक तथ्याङ्कअनुसार महामारी क्रमशः साम्य भएपछि गत अक्टोबर २८ मा सबैभन्दा दुई हजार दुई सय आठ जनामा सङ्क्रमण देखिएको थियो । बुधबार देशभर सक्रिय सङ्क्रमितको सङ्ख्या १३ हजार ५०९ रहेकामा आज त्यसमा वृद्धि भई १५ हजार २०८ पुगेको छ । बितेका २४ घण्टामा एक हजार ३९० बिरामीले स्वास्थ्यलाभ गरेका छन् ।

उक्त मन्त्रालयले राष्ट्रव्यापी खोप अभियानअन्तर्गत हालसम्म दुई अर्ब २० करोड ६५ लाख मात्रा खोप लगाइएको तथा त्यसमा ९५ करोड २० लाख दोस्रो मात्रा र २२ करोड ८६ लाख मात्रा सावधानीका लगाइएको जनाएको छ । पछिल्लो २४ घण्टामा छ हजार ५५३ जनालाई खोप लगाइएको छ । सोही अवधिमा एक लाख १८ हजार ६९४ जनाको कारोना परीक्षण गरिएको छ ।

केन्द्र सरकारले स्वास्थ्य तथा चिकित्सा विभागका अधिकारहरूलाई मातहतका निकाय र सरोकारवालासँग सम्भावित महामारीको सामनाको तयारीका निम्ति समीक्षा बैठक गर्न तथा रोकथामका आवश्यक उपाय अवलम्बन गर्न निर्देशन दिएको छ ।

यसैबीच, विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ)ले महामारीको सम्भावित नयाँ चरणलाई दृष्टिगत गरी कारोनाविरुद्धका खोप लगाउन आह्वान गरेको छ । स्वस्थ बालबालिका तथा किशोरकिशोरीहरूलाई खोप आवश्यक नभए पनि वृद्ध र उच्च जोखिममा रहेका समूहलाई अन्तिम खोप लगाएको छ देखि १२ महिनाको अन्तरालमा 'बुस्टर डोज' लगाउन सुझाएको छ ।

गम्भीर रोगको सामना गरिरहेका वर्गलाई सङ्क्रमण प्रतिरोधी खोपमा प्राथमिकतना दिन सङ्गठनले संसारका सबै देशका सरकारलाई अनुरोध गर्दै राष्ट्रसङ्घीय निकायले परि स्थितिको निरन्तर अनुगमन गरिरहेको र सहयोगका लागि तत्पर रहेको बताएको छ ।



बाढी र कटानको क्षति रोक्न बजेट अभाव

झापा । वर्षेनी नदीको तटीय क्षेत्रमा हुने कटान र बाढीको क्षतिलाई रोक्न झापामा बजेट अभाव भएको छ ।

ऊर्जा, जलश्रोत तथा सिँचाइ मन्त्रालयमार्फत आउने न्यून बजेटले नदीको कटान र बाढी छेक्ने तटबन्ध निर्माण अपुरो हुने गरेको छ । यसले नदी नियन्त्रण सम्भव हुन सकेको छैन । आर्थिक वर्ष २०७९/८० का लागि जलस्रोत तथा सिँचाइ विभागले झापाको मेची नदी नियन्त्रण कार्यका लागि रु दुई करोड बजेट विनियोजन गरेको छ । यो बजेट स्पर निर्माण, आपत्कालीन नियन्त्रण, बायो इन्जिनियरिङलगायत कार्यका लागि आएको जनताको तटबन्ध कार्यालय झापाका सूचना अधिकारी दुर्गाप्रसाद पोखरेलले बताउनुभयो ।

मेची नदीले तटीय क्षेत्रमा पुऱ्याउने गरेको क्षति हेर्दा सरकारले पठाएको बजेटले एक छेउ पनि पुग्दैन । "तीन किलोमिटर क्षेत्रमा बाँध निर्माणका लागि यो बजेट आएको हो, धमाधम काम भइरहेको छ", उहाँले भन्नुभयो । जलस्रोत तथा सिँचाइ विभागले नै दश वर्षअघि नै तयार पारेको गुरुयोजनाअनुसार मेची नदी नियन्त्रणका लागि रु पाँच अर्ब ५७ करोड बजेट आवश्यक पर्दछ । झापामा मेची, कनकाई, बिरिङ, रतुवा, निन्दा, कमल, मावालगायत नदीले बर्सेनि तटीय क्षेत्रमा बाढी तथा कटानका कारण ठूलो क्षति पुऱ्याउँदै आएका छन् ।

मेचीनगरको बाहुनडाँगी क्षेत्रमा मेचीले पुऱ्याउने गरेको क्षति रोक्न तटीय क्षेत्रमा बलियो बाँध बनाउनुको विकल्प नरहेको उल्लेख गर्दै मेचीनगर-४ का निरज घिमिरेले नदी नियन्त्रणमा सरकारले पर्याप्त बजेट नपठाउँदा काम पूरा हुन नसकेको गुनासो गर्नुभयो ।

"छुस्छुस् कनिका छरेजस्तो बर्सेनि थोरै बजेट पठाउनुभन्दा एकैचोटी बलियो बाँध बनाउन पुग्ने गरी पर्याप्त पठाउँदा नदी नियन्त्रणको काम प्रभावकारी हुन्छ", उहाँले भन्नुभयो, "अहिले काम पनि भइरहेको जस्तो लाग्छ, तर बाढी र कटान पनि रोकिएको छैन ।"

बजेट अभावकै कारण भरपर्दो काम हुन नसकेको सरकारी निकाय नै स्वीकार गर्दछ । बजेट अभावकै कारण सयौं स्थानमा बाढी र कटानको उच्च जोखिम भए पनि समाधानमुखी कुनै काम गर्न नसकिएको जनताको तटबन्ध कार्यालय झापाका सूचना अधिकारी पोखरेल बताउनुहुन्छ ।

एक दशकअघि तयार पारिएको गुरुयोजनाअनुसार झापालाई बाढीको क्षतिबाट मुक्त गर्नका लागि रु १७ अर्ब ५९ करोड बजेट आवश्यक पर्छ । चालु आवमा जनताको तटबन्ध कार्यालयलाई नदी नियन्त्रणका लागि रु १७ करोड ५३ लाख बजेट पठाएको छ । झापामा जनताको तटबन्ध कार्यालयले नै जिल्लाभरका नदीमा बाढी तथा कटान रोक्न प्राथमिकता र आवश्यकताका आधारमा तटबन्ध निर्माणको परियोजना कार्यान्वयन गर्दै आएको छ ।

नेपाल सरकारले जलस्रोत तथा सिँचाइ विभागमार्फत बिरिङ नदी नियन्त्रणका लागि रु तीन करोड, कनकाई नदी नियन्त्रणका लागि रु छ करोड, रतुवा मावा नदी (झापा) नियन्त्रणका लागि रु चार करोड ६५ लाख, रतुवा मावा नदी (मोरङ) नियन्त्रणका लागि रु दुई करोड र कमल नदी नियन्त्रणका लागि रु एक करोड ९९ लाख बजेट चालु आवमा विनियोजन गरेको छ । यसबाहेक एसियाली विकास बैंकको ऋण सहयोगमा नेपाल सरकारले दमकको रतुवा मावा नदीमा रु ३० करोडको लागतमा १२ किलोमिटर बाँध निर्माण गरिरहेको छ । तीन वर्षे सम्झौताअन्तर्गत मैनाचुली निर्माण सेवा प्रालिले ठेक्कामा लिएको सो तटबन्धको कार्य आधा मात्र भएको छ । हालसम्म पाँच किलोमिटर तटबन्ध निर्माण भइसकेको जनताको तटबन्ध कार्यालय झापाले जनाएको छ ।

झापाको समथर क्षेत्रमा जलाधार क्षेत्रबाट भू-क्षय भइआउने ढुङ्गा, गिट्टी, बालुवालगायतका सामग्री थुप्रिएर नदीले धार परिवर्तन गर्दा बाढीको डुबान र तटीय क्षेत्रमा कटान तीव्र हुने समस्या छ ।

गुरुयोजनाअनुसार रतुवा-मावाको तटबन्धका लागि रु तीन अर्ब ८९ करोड, कमल नदीका लागि रु एक अर्ब ७७ करोड, कनकाई नदीका लागि रु तीन अर्ब नौ करोड, बिरिङ नदीका लागि रु दुई अर्ब ४६ करोड र मेची नदीका लागि रु पाँच अर्ब ५७ करोडको बहुवर्षीय कार्ययोजना स्वीकृत भइसकेको छ ।

जनताको तटबन्ध कार्यालयले हालसम्म नदीको दीर्घकालीन व्यवस्थापनका लागि सय किलोमिटर डुङ्गे तथा माटोको बाँध निर्माण गरिसकेको छ । जलाधार क्षेत्र व्यवस्थापन, नदी किनारमा वृक्षरोपणसहित उपयुक्त ढङ्गले खोलानालाको उचित व्यवस्थापन गर्नसके मात्र बाढीबाट हुने कटान र डुबान नियन्त्रण गर्न सकिने विज्ञहरु बताउँछन् ।रासस

खस्केको मनोबल उकास्नु अर्थतन्त्रको पहिलो उपचार : नवनियुक्त अर्थमन्त्री डा महत

काठमाण्डु । नवनियुक्त अर्थमन्त्री डा प्रकाश शरण महतले अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना बनाएर खस्केको मनोबल उकास्नु अर्थतन्त्रको पहिलो उपचार हुने बताउनुभएको छ ।

मन्त्रालयमा कार्यभार सम्हाल्दै अर्थमन्त्री डा महतले अहिले तत्कालका लागि सबै क्षेत्रको मनोबल उकास्नु सरकारको पहिलो प्राथमिकता हुने बताउनुभयो।"हामीलेआत्मविश्वास बढाउनुपर्नेछ । अहिलेको निराशालाई आशामा बदल्नु छ । त्यसका लागि मौद्रिक नीति र वित्त नीतिको समन्वयकारी भूमिका रहन्छ । नेपाल राष्ट्र बैंकलगायत सबै निकाय र कर्मचारीको सहयोग चाहिन्छ । हामी गर्न सक्छौं (वी क्यान डु इट) भन्ने भावनाले काम गरौं ।", अर्थमन्त्री महतले भन्नुभयो । सकारात्मक आत्मविस्वास जगाउन सके अर्थतन्त्रमा विस्तारै सुधारका सङ्केत देखिने उहाँको विश्वास छ ।

लक्ष्यअनुसार राजस्व उठ्न नसकेको, सार्वजनिक खर्च बढिरहेको, लगानी खस्कँदै गएको, बाह्य क्षेत्र बिग्रिँदै गएको, बैंक तथा वित्तीय संस्थामा तरलता अभाव, चर्को ब्याजदरलगायत समस्या रहेको उल्लेख गर्नुहुँदै उहाँले यस्ता समस्या समाधानका लागि राष्ट्र बैंक र अर्थ मन्त्रालयको समन्वयकारी भूमिका रहनुपर्ने बताउनुभयो ।



"अर्थ मन्त्रालय र राष्ट्र बैंकले समन्वयकारी भूमिकाबाटै समस्या समाधान गर्ने हो । हामीले नतिजामा आधारित भएर काम गरौं । हाम्रो मूल्याङ्कन पनि त्यसरी नै हुन्छ । अहिले आफ्ना लागि सोच्नेभन्दा पनि देश र जनताका लागि सोच्नुपर्ने बेला छ ।", अर्थमन्त्री महतले भन्नुभयो । अर्थ मन्त्रालय र राष्ट्र बैंक सक्रिय भएर मात्र नतिजा निकाल्न नसकिने बताउनुहुँदै उहाँले समग्र राज्य संयन्त्र नै एकाकार भएर लाग्नुपर्ने बताउनुभयो ।

मुलुकमा लगानीको वातावरण बिग्रँदै गएको र उत्पादनको लागत महँगो भएको उल्लेख गर्दै उहाँले त्यसलाई सुधार गर्न आवश्यक रहेको बताउनुभयो । सार्वजनिक खर्चमा मितव्ययितासँगै योजना र कार्यक्रमको प्राथमिकीकरण गर्न पनि आवश्यक रहेको उहाँको भनाइ छ । सार्वजनिक खर्च कटौती गर्नुपर्ने र पुँजीगत खर्चमा पनि आवश्यकता निर्धारण गरेर बजेट खर्च व्यवस्थापन गर्नुपर्ने मन्त्री महतले बताउनुभयो । उहाँले भन्नुभयो, "अहिले राजस्व निकै कम छ । जहाँतही खर्च गर्ने नभइ आवश्यकताका आधारमा मात्रै खर्च निर्धारण गर्नुपर्नेछ । के अत्यन्त महत्वपूर्ण छ र बढी प्रतिफल दिन्छ भनेर आयोजना कार्यक्रमको प्राथमिकीकरण गर्नुपर्नेछ ।" अफ्ठ्यारोमा परेको परिवारले आफ्ना आवश्यकता निर्धारण गरेजस्तै अहिले मुलुकको अर्थतन्त्र अफ्ठ्यारोमा परेको बेला सरकारले पनि त्यहीअनुसार खर्चको प्राथमिकता निर्धारण गर्ने अर्थमन्त्री डा महतको भनाइ छ ।

राजस्व व्यवस्थापन अहिले अर्थतन्त्रको चुनौती रहेकाले त्यसलाई पनि गम्भीरताका साथ हेर्नुपर्ने उहाँले बताउनुभयो । भन्सार सीमा नाकाबाट भइरहेको चोरी पैठारी नियन्त्रण र अर्थतन्त्र चलायमान बनाएर करको दायरा विस्तार हुनसके लक्ष्यअनुसार राजस्व उठ्ने उहाँको भनाइ छ । "आर्थिक गतिविधि बढेसँगै राजस्व पनि बढ्छ । राजस्व अनावश्यक उठाएर करदातालाई बढी कर लगाउनभन्दा करको दायरा बढाउनेतर्फ हामी केन्द्रित हुन्छौं ।

भन्सार नाकामा हुने चोरी पैठारी नियन्त्रणका लागि हाम्रा संयन्त्र परिचालन गर्न आवश्यक छ ।", उहाँले भन्नुभयो । बाह्य क्षेत्रको असन्तुलन बढिरहँदा अन्तर्राष्ट्रिय द्विपक्षीय र बहुपक्षीय विकास साझेदारसँग पनि पर्याप्त छलफल र समन्वय गर्न आवश्यक रहेको उहाँको भनाइ छ ।

कार्यभार ग्रहणपछि मन्त्रालयका कर्मचारीलाई निर्देशन दिनुहुँदै अर्थमन्त्री महतले सकारात्मक ऊर्जाका साथ नतिजामुखी काममा लाग्न बताउनुभयो । "अर्थतन्त्र सुधारका लागि म एक्लैले मात्र केही गर्नसक्ने होइन । सबै निकायको भूमिका उत्तिकै जिम्मेवार छ । हामी सम्पूर्ण शक्ति लगाउँछौं । सबैको साथ चाहिन्छ ।" उहाँले भन्नुभयो । रासस

राजस्व लक्ष्य भन्दा कम

बागमती । आन्तरिक राजस्व कार्यालय हेटौंडाले चालु आर्थिक वर्षको नौ महिनामा रु चार अर्ब चार करोड ३८ लाख राजस्व सङ्कलन गरेको छ ।

चालु आर्थिक वर्षको साउनदेखि फागुनसम्मको राजस्व सङ्कलन लक्ष्य रु चार अर्ब ३५ करोड नौ लाख ४० रहेकामा सो कार्यालयले उक्त अवधिमा रु चार अर्ब चार करोड ३८ लाख राजस्व सङ्कलन गरेको जनाइएको छ । लक्ष्यको तुलनामा झन्डै रु ३१ करोड कम राजस्व सङ्कलन भएको हो ।

कार्यालयका सूचना अधिकारी अवधेशकुमार यादवका अनुसार कार्यालयले सो अवधिमा आयकरवापत रु ५८ करोड ५९ लाख २१ हजार, घरवहाल करवापत रु एक करोड दुई लाख ८४ हजार, ब्याज करवापत रु चार करोड ७३ लाख नौ हजार, मूल्यअभिवृद्धि करवापत रु ६० करोड १६ लाख १३ हजार, स्वास्थ्य करवापत रु ४२ करोड १३ लाख ५२ हजार तथा शिक्षाकरवापत रु चार हजार राजस्व सङ्कलन भएको जानकारी दिएको छ ।

बजार व्यवसायमा आएको कमी, उद्योगहरूको उत्पादन, बिक्री घट्नु र विकास निर्माणका कमीले लक्ष्यअनुसार राजस्व सङ्कलनमा कमी आएको जनाइएको छ । रासस

अर्थतन्त्र सुधार गर्न सरकारले उच्च प्राथमिकता दिएको छ : उपप्रधानमन्त्री श्रेष्ठ

काठमाण्डु । उपप्रधान एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठले अहिलेको बिग्रँदो अर्थतन्त्र यथास्थितिमा नरहने बताउनुभएको छ । फ्लोरिकल्चर एसोसियसनद्वारा शुक्रबार यहाँ आयोजित २४औं फ्लोरा एक्स्पोको शुभारम्भ गर्नुहुँदै उहाँले अर्थतन्त्र सुधारका लागि तत्काल पहल चाल्न आवश्यक रहेको र यसका लागि सरकारले गृहकार्य थालिसकेको जानकारी दिनुभयो ।

"अहिलेको अर्थतन्त्रको अवस्थालाई अब हामी यथास्थितिमा राख्दैनौं । सरकारले तत्काल सुधारका प्रयास गर्नेछ । यसका लागि गम्भीर गृहकार्य पनि सुरु भइसकेको छ", उहाँले भन्नुभयो । अहिलेको राष्ट्रिय कार्यभार मुलुकलाई समृद्ध र विकासशील बनाउने रहेको बताउनुहुँदै उहाँले त्यसका लागि सरकार, निजी क्षेत्र, सहकारी र सामुदायिक क्षेत्रको उत्तिकै भूमिका रहने उल्लेख गर्नुभयो ।

"तीनखम्बे अर्थ नीतिअनुसार सबै क्षेत्रलाई समेटर अघि बढ्न सरकार तयार छ । अहिलेको आर्थिक समस्यालाई सरकारले निजी क्षेत्रको मात्र समस्याका रुपमा लिएको छैन । यो समग्र देशकै समस्या हो । यसलाई सबैले मिलेरै समाधान गनुपर्छ", मन्त्री श्रेष्ठले भन्नुभयो ।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासङ्घका वरिष्ठ उपाध्यक्ष चन्द्र ढकालले निजी क्षेत्रले उठाएका विषय र सरकारलाई दिइएका सुझाव समयमै कार्यान्वयन हुन नसक्दा अहिले देशको आर्थिक अवस्था खस्किँदै गएको बताउनुभयो । "निजी क्षेत्रले अहिलेको आर्थिक स्थिति आउँछ भनेर पहिल्यै अनुमान गरेको थियो । हामीले उठाएका विषय निजी क्षेत्रको मात्र नभएर मुलुकको अर्थतन्त्रमै दीर्घकालीनरुपमा प्रभाव पार्नसक्ने खालका थिए । तर निजी क्षेत्रले दिएका सुझाव सरकारले कार्यान्वयन गरेन", उहाँले भन्नुभयो ।

फ्लोरिकल्चर एसोसियसन नेपालका अध्यक्ष मीनबहादुर तामाङले अहिले नेपालमा कृषि क्षेत्रमा लगानी घट्दै जाँदा उत्पादन खुम्चिएको र त्यसले आयात बढ्न गएको बताउनुभयो ।

"बैंक तथा वित्तीय संस्थाले कृषि क्षेत्रमा पर्याप्त लगानी गर्न सकेका छैनन् । परियोजना धितो राखेर सजिलै परियोजना कर्जा पाउने र महिला उद्यमीका लागि पनि बिना धितो महिला उद्यमी कर्जा प्रवाह गरिनुपर्छ", उहाँले भन्नुभयो ।रासस

भृकुटीमण्डपमा सुरु भयो पुष्प मेला

काठमाण्डु । शुक्रबारदेखि भृकुटीमण्डपमा '२४औं फ्लोरा एक्स्पो' (पुष्प मेला) सुरु भएको छ । पुष्प व्यवसायको विकास, विस्तार र प्रवर्द्धन गर्ने उद्देश्यले फ्लोरिकल्चर एशोसियसन नेपालले मेला आयोजना गरेको हो ।

मेलाको उद्घाटन गर्दै उपप्रधान एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठले स्वदेशी वस्तुको उत्पादन र प्रवर्द्धनमार्फत आयात प्रतिस्थापन अहिलेको मुख्य दायित्व रहेको रहेको बताउनुभयो ।

"सुशासन, पुँजीगत खर्च र आन्तरिक उत्पादन बढाएर आयात प्रतिस्थापनलाई सरकारले पहिलो प्राथमिकतामा राखेर काम गर्नुपर्नेछ । त्यसका लागि सबै क्षेत्रको सहकार्य आवश्यक छ", श्रेष्ठले भन्नुभयो । पुष्प व्यवसाय प्रवर्द्धनमार्फत अर्थतन्त्रमा टेवा पुऱ्याउन यो क्षेत्रलाई थप विकास गर्दै लैजान आवश्यक रहेको उहाँको भनाइ छ ।

त्यस्तै अहिलेको बिग्रँदो अर्थतन्त्रलाई यथास्थितिमा चल्न दिन नसकिने बताउनुहुँदै श्रेष्ठले सुधारका लागि सरकारले हस्तक्षेप गर्ने बताउनुभयो ।

मेलाबारे जानकारी दिनुहुँदै फ्लोरिकल्चर एसोसियसन नेपालका अध्यक्ष मीनबहादुर तामाङले अहिले नेपालमा कृषि क्षेत्रमा लगानी घट्दै जाँदा उत्पादन खुम्चिएको र त्यसले आयात बढ्न गएको बताउनुभयो ।

"बैंक तथा वित्तीय संस्थाले कृषि क्षेत्रमा पर्याप्त लगानी गर्न सकेका छैनन् । परियोजना धितो राखेर सजिलै परियोजना कर्जा पाउने र महिला उद्यमीका लागि पनि विनाधितो महिला उद्यमी कर्जा प्रवाह गरिनुपर्छ", उहाँले भन्नुभयो । कोभिड-१९ महामारीअघिसम्म नेपाल पुष्प व्यवसायमा आत्मनिर्भर भइसकेकामा अहिले लगानी घट्दै गएपछि फेरि भारतबाट आयात हुन थालेको उहाँको भनाइ छ ।

अहिले पुष्प व्यवसायमा रू सात अर्ब बराबरको लगानी र रू दुई अर्ब ३० करोडको वार्षिक कारोबार रहेको उहाँको भनाइ छ । गत वर्षको तथ्याङ्कअनुसार भारतबाट रू ३६ अर्ब बराबरको पुष्प आयात भएको तामाङले जानकारी दिनुभयो । र अहिले नेपालको पुष्प व्यवसायले भारतीय उत्पादनसँग प्रतिस्पर्धा गर्नुपर्ने भएकाले यो क्षेत्रमा लगानी घट्दै गएको तामाङको भनाइ छ । "अहिले ठूलो मात्रामा चोरी निकासी भइरहेको छ । नेपालको उत्पादनले भारतीय बजारसँग प्रतिस्पर्धा गर्न नसक्दा यो क्षेत्रमा लगानी घट्दै गएको छ । प्लान्ड क्वारेन्टाइन तथा विषादी व्यवस्थापनमा पनि समस्या छ", उहाँले भन्नुभयो । पुष्प प्रवर्द्धन नीतिलाई समयसापेक्ष परिमार्जन गरी तीनवटै तहका सरकारमार्फत कार्यान्वयन हुनुपर्ने उहाँको भनाइ छ ।

मेलामा ८० वटा स्टल छन् । जसमध्ये ६२ वटा व्यावसायिक स्टल, तीन वटा ल्यान्डस्केपिङ स्टल, १० वटा अफिसियल स्टल, तीन वटा प्रतियोगितात्मक प्रदर्शनी स्टल र दुई वटा फुड स्टल छन् । मेलामा मौसमी फूल, कट् फ्लावर, ड्राइफ्लावर, सुनाखरी, कम्पोस्ट मल, फूलका बीउबिजन, ग्रीन हाउस, कृषि औजार, विषादी, प्याकेजिङ सामग्रीलगायतका स्टल राखिएका छन् ।

पुष्प नर्सरी, आपूर्तिकर्ता कम्पनी, व्यावसायिक तथा विभिन्न सङ्घसंस्थाका साथै भारत र बङ्गलादेशका पुष्प व्यवसायी पनि मेलामा सहभागी रहेको आयोजकको भनाइ छ । मेलामा सहभागी भएका विभिन्न पुष्प व्यवसायीद्वारा उत्पादित फूल बिरुवाबीच प्रतिस्पर्धा गराई उत्कृष्टलाई पुरस्कृत गरिएको छ ।रासस

मदन भण्डारी राजमार्ग : दुई सय ८६ किमी ठेक्का लगाउन बाँकी

काठमाण्डु । मदन भण्डारी राजमार्ग आयोजना लक्षित समयमा सम्पन्न नहुने भएको छ । बर्सेनि कम बजेट विनियोजन हुँदा राष्ट्रिय प्राथमिकताप्राप्त सो आयोजना निर्धारित मितिमा सम्पन्न नहुने भएको हो । आगामी आर्थिक वर्ष २०८१/८२ सम्ममा सम्पन्न गर्नुपर्ने आयोजना अन्तर्गत कतै निर्माण भर्खर सुरु भएको छ त कतै-कतै ठेक्कामा जानसमेत बाँकी रहेको जनाइएको छ ।

आयोजनाले हालसम्म चार सय ५४ किमी ठेक्का व्यवस्थापन भएकामा दुई सय ६३ किमी सम्पन्न भएको छ । अझै दुई सय ८६ किमी ठेक्कामा जान बाँकी रहेकामा एक सय ८० किमी सहमतिका लागि अर्थ मन्त्रालयमा पठाइएको आयोजनाले जनाएको छ । सो खण्डमा स्रोत सुनिश्चितताका लागि अर्थ मन्त्रालयमा फाइल पठाइएको आयोजनाका सूचना अधिकारी शिवशरण तिमल्सिनाले बताउनुभयो । चालु आवमा सरकारले २४ किमीको लक्ष्य रहेको छ । उहाँले भन्नुभयो, "अहिलेसम्मको बजेट विनियोजन, अर्थ मन्त्रालयबाट दिइने स्रोत सुनिश्चितता, बहुवर्षीय ठेक्का सहमतिका आधारमा त्यो अवधिमा नसकिने देखिएको छ ।"

आयोजनाका लागि सुरु विनियोजित बजेट नै कम हुने गरेको आयोजनाले जनाएको छ । वार्षिकरूपमा पाँच अर्बमाथि खर्च हुने भए पनि चालु आवमा सुरु विनियोजन रु दुई अर्ब ८२ करोड थियो । उहाँले भन्नुभयो, "कम्तीमा गत आव जतिको खर्च हुन्छ । आवको अन्त्यमा जाँदा बर्सेनि थप बजेट माग्नुपर्ने अवस्था रहेको छ ।" बर्सेनि विनियोजित बजेट न्यून हुँदा आवको अन्त्यमा थप बजेट माग्नुपर्ने अवस्था रहँदै आएको छ । निर्माण व्यवसायीले बिल पेस गरेर रकम माग गर्ने तर समयमा पैसा नपाएपछि काम सुस्त गर्ने हुने उहाँले बताउनुभयो । यसले गर्दा मजदुरले ज्याला नपाउने र निर्माण सामग्रीको पैसा दिन नसकेपछि पैसा नआउँदासम्म काम रोक्नुपर्ने हुनसक्ने उहाँको भनाइ छ ।

आयोजनाअन्तर्गत ठेक्कामा जान बाँकी सडक र पुल दुवैका आधारमा तोकिएको अवधिमा आयोजना सम्पन्न नहुने देखिएको सूचना अधिकारी तिमल्सिनाले जानकारी दिनुभयो । बहुवर्षीय ठेक्का सहमति चाहिने र अर्थ मन्त्रालयबाट सहमति आएपछि ठेक्का व्यवस्थापन गर्न केही समय लाग्ने उहाँले बताउनुभयो ।

अहिले चलिरहेको ठेक्काको प्रगति राम्रो रहेको आयोजनाको दाबी छ । समयमा बजेट र स्रोत सुनिश्चितता नहुँदा कति वर्षमा सकिन्छ भन्न नसकिने भए पनि बजेट पर्याप्त हुँदा अबको तीनदेखि चार वर्षमा सम्पन्न गर्न सकिने सूचना अधिकारी तिमल्सिनाले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "प्रगति बढाउनका लागि सुरु विनियोजन राम्रो हुनुपर्छ र स्रोत सुनिश्चितता हुनुपर्छ ।"

ठेक्कामा जान बाँकी पुल छोटा र लामा दुवै किसिमका पुल रहेको उहाँले बताउनुभयो । कर्णाली नदीलगायत ठूला नदीमा पुल बनाउनुपर्ने रहेकामा त्यो लामो हुने देखिएको छ । अरुतिर डेढदेखि दुई सय मिटरसम्मका पुल निर्माण गर्नुपर्ने उहाँले बताउनुभयो । अहिले निर्माण भइरहेको धरान-झापा खण्डमा जम्मा सात मिटर मुख्य सडक र दुवैतर्फ दुई-दुई मिटर नाली र पैदलयात्रुमार्ग गरी ११ मिटर रहेको छ । तराईमा ११ मिटर भए पनि पहाडमा छेउ संरचनाको भाग घटाएर डेढ मिटर त कतै ७५ सेन्टिमिटरमात्रै गरेर घटाइएको सूचना अधिकारी तिमल्सिनाले बताउनुभयो । उहाँले भन्नुभयो, "भूगोलअनुसार चौडाइ कायम गरिएको छ ।"

सडकको चौडाइको समस्या बजार क्षेत्रमा बढी रहेको छ । साविकको बाटो चौडा गर्दा घर र टहरा पर्ने ठाउँमा समस्या रहेको उहाँले बताउनुभयो । निर्माणाधीन अरु सडकमा जस्तै यो राजमार्गमा पनि सडकको अधिकार क्षेत्रका कारण समस्या आइरहेको छ । धरान, सुनसरी, मोरङ र झापामा अहिले निर्माणको काम भइरहेको छ । जुन-जुन ठाउँमा निर्माण भयो त्यहाँ-त्यहाँ समस्या आइरहेको उहाँले बताउनुभयो ।

अन्य निकायले यसअघि नै निर्माण भइरहेका सडकलाई कतिपय ठाउँमा अरु राजमार्गसँग जोड्ने वा गाभिने गरी सडक निर्माण गरिएको आयोजनाले जनाएको छ । विगतमा सञ्चालनमा रहेका सडक जोडेर बनाइएकाले पनि भइरहेको सडकको स्तरोन्नतिको काम बढी रहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "हेटौंडाबाट गैंडाकोटसम्म महेन्द्र राजमार्ग, सिन्धुलीमा गए पनि बिपी राजजमार्ग, पश्चिममा रत्न राजमार्गमा गएर राजमार्ग मिसिएको छ ।"

पहिलो चरणमा भइरहेका राजमार्गमा जोड्ने काम नै भइरहेको उहाँले बताउनुभयो । राजमार्गको स्तरमा नभएका स्थानमा पनि दुई लेनमा सडक स्तरोन्नति गरिने उहाँले बताउनुभयो । अहिले रिडी-तम्घासको २५ किमी खण्डमा दुई लेनमा स्तरोन्नति भइरहेको छ । अहिले एक वा मध्यवर्ती (इन्टरमेडिएट) सडकलाई दुई लेनमा लैजाने गरी छलफल भइरहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "अबका दिनमा अरुको स्वामित्वको सडक पनि दुई लेनमा स्तरोन्नति गर्ने लक्ष्य रहेको छ ।" केही समय पहिले गृह मन्त्रालयले खानी उत्खननमा गरेको कडाइका कारण निर्माण सामग्री पाउन गाह्रो हुन थालेको थियो । अहिले खुलाइएकाले केही सजिलो भएको सूचना अधिकारी तिमल्सिनाले बताउनुभयो । चुरे फेदीमा राजमार्ग बन्ने र त्यस क्षेत्रमा उत्खनन सजिलो नभएकाले समय-समयमा समस्या आइरहेको उहाँले बताउनुभयो ।

राजमार्ग निर्माणका क्रममा रुख कटानको समेत समस्या आइरहेको छ । धरान-झापामा वन कटानका लागि परिमार्जित अध्ययन गरेर सहमति लिन फाइल उठाइएको उहाँले बताउनुभयो । पहिले अध्ययन गरेको भए पनि काट्नुपर्ने रुख सङ्ख्या थपघट भएर पुनः गर्नुपर्ने भएकाले पुनः गरिएको हो ।

आयोजनाअन्तर्गतका योजना कार्यालयले अहिले धरान-झापा, गुल्मी, सुर्खेतलगायतका जिल्लामा काम गरिरहेका छन् । पूर्वी खण्डमा धरान-झापा खण्डमा केही बाँकी छ भने पश्चिम खण्डमा बढी काम बाँकी रहेको छ ।

पूर्व-पश्चिम जोड्ने चौथो राजमार्गका रूपमा रहेको सो राजमार्गको लम्बाइ एक हजार तीन सय ९० किमी छ । सो मध्ये पनि आयोजनाले सात सय ४० किमी सडक र एक सय ८५ पुलको निर्माण गरिरहेको छ ।

विसं २०७५ जेठ ६ को मन्त्रिपरिषद् बैठकबाट मदन भण्डारी राजमार्ग नामकरण गरेर निर्माण सुरु गरिएको थियो । त्यतिबेला लक्ष्य निर्धारण नभए पनि सरकारले नीति तथा कार्यक्रममा आव २०८१/८२ मा सम्पन्न गर्ने लक्ष्य निर्धारण गरेको थियो । रासस

एसईईमा तीन जना पक्राउ

टुडे समाचारदाता

जनकपुरधाम । माध्यमिक शिक्षा परीक्षा (एसईई)मा मर्यादा विपरीत काम गर्ने तीन जना धनुषाबाट पक्राउ परेका छन् । शुक्रबार अंग्रेजी विषयको परीक्षामा प्रश्नपत्र आउट गरेको आरोपमा परीक्षा निरीक्षक नागेश्वर यादव पक्राउ परेका छन् ।

धनुषा प्रहरीका प्रहरी निरीक्षक विक्रम साहका अनुसार लक्ष्मीनियाँ गाउँपालिका-४ सपहिस्थित वीपि कोइराला माविबाट यादवलाई प्रश्नपत्र आउट गरेको आरोपमा पक्राउ गरिएको छ।

यादवले प्रश्नपत्र बाँडेको केही समयपछि प्रविधि प्रयोग गरी प्रश्नपत्र बाहिर पठाएका थिए । त्यसपछि बाहिरबाट सोही प्रश्नपत्रको आधारमा उत्तर पनि पठाइएको थियो । उनी खटेको कक्षा कोठामा विद्यार्थीहरुले सोही अनुसार उत्तरपुस्तिकामा उत्तरसमेत लेखेको बताइएको छ। उनी परीक्षा केन्द्रमा निरीक्षकको रुपमा खटेका थिए । तर जनता आधारभूत बनिगमामा उनी करारमा कार्यरत शिक्षक छन् ।

यस्तै, जनकपुरधाम उपमहानगरपालिका-२३ बिन्हीबाट पनि बालकसहित दुई जनालाई पक्राउ गरिएको छ । त्रिभुवन आदर्श माबि परीक्षा केन्द्रबाट हँसपुर नगरपालिका- २ का ३१ वर्षीय संदीप सहनी र एक जना बालकलाई नियन्त्रणमा लिइएको छ । बालकको नाम प्रहरीले खुलाएका छैन् । सहनीले बालकको प्रयोग गरी बाहिरबाट उत्तर र चिट पठाउने गरेका थिए ।

५० मिनेट ढिलो परीक्षा

राष्ट्रिय परीक्षा बोर्डले शुक्रबार विहान ८ बजेदेखि ११ बजे सम्म परीक्षा गराउने तालिका सार्वजनिक गरेका छन् । तर धनुषाको एक परीक्षा केन्द्रमा ५० मिनेट ढिलो परीक्षा शुरु भएको थियो । औरही गाउँपालिका चक्कर माबि परीक्षा केन्द्रमा अंग्रेजीको साटो नेपाली विषयको प्रश्नपत्र पुगेपछि परीक्षा निर्धारित समयभन्दा ५० मिनेट ढिलो शुरु भएर सोही समय अनुसार ५० मिनेट ढिलो सम्पन्न गराइएको धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले जानकारी दिए । उनका अनुसार प्रश्नपत्रको माथिल्लो खाममा अंग्रेजी लेखिएको थियो । तर भित्र नेपाली विषयको प्रश्नपत्र रहेको थियो । त्यसकारण पुनः अंग्रेजी विषयको प्रश्नपत्र पुऱ्याउन त्यहाँ ढिला भएको उनले स्पष्ट पारे ।

पाँच जना निलम्बित

बारामा विद्यार्थीलाई प्रश्नपत्र बाँडिएको १५ मिनेट भित्रै प्रश्नपत्र बाहिरिएको थियो । आदर्श कोतवाल गाउँपालिका स्थित महेन्द्र आदर्श जयनगर च्युटाँहा माबि परीक्षा केन्द्रबाट प्रश्नपत्र बाहिर भएको थियो । सोही विषयमा केन्द्रध्यक्षसहित पाँच जनालाई निलम्बन गरिएको छ।

प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा बसेको एसईई परीक्षा समितिको बैठकले केन्द्राध्यक्ष दिनेशप्रसाद साह, सहायक केन्द्राध्यक्ष पदमराज चौधरी, विजय चौधरी, परीक्षा निरीक्षक कुन्दनप्रसाद कुशवाहा र श्यामकिशोर गुप्तालाई निलम्बन गरिएको छ । सामाजिक सञ्जालमार्फत प्रश्नपत्र विद्यार्थीले सार्वजनिक गरेका थिए । उक्त विद्यार्थीको अंग्रेजी विषयको परीक्षा रद्द गरिएको प्रमुख जिल्ला अधिकारी नवराज सापकोटाले जानकारी दिए । उनका अनुसार हटाइएका केन्द्राध्यक्षसहितको ठाउँमा नयाँ शिक्षकलाई परीक्षा सञ्चालनको जिम्मेवारी दिइएको छ ।

असईको मृत्यु

एसईई परीक्षाको लागि महोत्तरीको परीक्षा केन्द्रमा खटेका नेपाल प्रहरीका एकजना सहायक प्रहरी निरीक्षक (असई) को मृत्यु भएको छ । महोत्तरीको बलवा नगरपालिका १० स्थित राष्ट्रिय जनता माबि धमौराको परीक्षा केन्द्रमा खटेका असई ललनकुमार राय पटेलको मृत्यु भएको हो ।

परीक्षा केन्द्रमा खटेका पटेलको स्वास्थ्य अवस्था बिग्रिएपछि उपचारका लागि उनलाई प्रादेशिक अस्पताल जनकपुरधाम ल्याइएको थियो । उपचारको क्रममा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी नायब उपरीक्षक दिलीपकुमार गिरिले जानकारी दिए । रौतहटको गौर नगरपालिका-२ घर भएका असई पटेल जिल्ला प्रहरी कार्यालय महोत्तरीमा कार्यरत थिए ।

यस वर्ष मधेश प्रदेशमा २ सय ७९ परीक्षा केन्द्रबाट कुल ७९ हजार ९४ परीक्षार्थी सहभागी भएका छन् । परीक्षालाई मर्यादित बनाउन सात हजार ५ सय ७९ कर्मचारी परीक्षा केन्द्रमा खटाइएको छ भने सोही संख्यामा सुरक्षा प्रवन्धको लागि प्रहरी परिचालन गरिएको छ । पहिलो दिन अंग्रेजी विषयको परीक्षा सम्पन्न भएको छ । दोस्रो दिन आइतबार गणित र तेस्रो दिन सोमबार नेपाली विषयको परीक्षा हुने तालिका छ ।

गोरहा खेतका कुपोषित मुलाहरू

श्यामसुन्दर शशि

नेपाली काग्रेसको सदावहार चुनावी नारा हो - ' मधेश काग्रेसको गोरहा खेत हो । जतिवेला मधेशले काग्रेसलाई भोट दिन्छ । केन्द्रमा काग्रेसको सरकार बन्छ । ' एमालेको स्लोगन हो -' मधेश कम्युनिष्टहरुको सेल्टर हो । केपी शर्मा ओली,सिपी मैनाली र माधव नेपालहरु यसै धरतीमा भूमिगत जीवन बिताएका थिए । माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड भनेका थिए -' धनुषा(मधेश)ले मलाई वम बारुद बनाउँन सिकाए । सेल्टर दिए ।' जनता समाजवादी पार्टी,लोकतान्त्रिक समाजवादी पार्टी,जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीलगायतका मधेश केन्द्रित दलहरु आफूहरुलाई राष्ट्रिय दल भने पनि यी पार्टीहरुको भोट बैंक मधेश नै हो । यी पार्टीहरुका अधिकांश नेता मधेशी मूलका हुन । तर राजनीतिक रुपमा गोरहा खेत भनिएको मधेशमा पलाएका मधेशी नेताहरु दिनदिनै कुपोषित किन हुदै गएका छन् ? मधेशको शिक्षा,स्वास्थ्य,अर्थतन्त्र तथा अन्य सूचकांक दिनदिनै किन पछि पर्दै छ ? गोरहा खेतका मुलाहरु किन फस्टाउन सकिरहेका छैनन ?

नेपाली काग्रेसको सम्पन्न १४ औं महाधिवेशनबाट शेरबहादुर देउवा दोश्रो कार्यकालका लागि सभापति चयन भएका थिए। काग्रेसमा तीन पुस्ते लिगेसी भएको विमलेन्द्र निधि पनि सभापतिका उम्मेदवार बन्नु भयो । तर उनले २ सय ५० मतमात्र प्राप्त गर्न सके। जवकि कोर मधेश भनिएको मधेश प्रदेशमामात्र ८ सय भन्दा अधिक महाधिवेशन प्रतिनिधि (भोटर) थिए । मधेशी वा थारु मूलका एउटै उपसभापति र महामन्त्री बन्न सकेनन् । ८ सहमहामन्त्रीमध्ये आरक्षित मधेशी कोटामा महेन्द्र यादव विजयी हुनु भयो । एमालेको पनि यही अवस्था रहयो । १९ सदस्यीय पदाधिकारीमध्ये आरक्षित कोटामा रघुवीर महासेठ बाहेक अरु अटाउन सकेनन । ४५ सदस्यीय स्थायी कमिटीमा पनि ३ जनामात्र अटाउन सके । ९९ सदस्यीय पोलिटब्युरोमा पनि मधेशी र थारु क्लस्टरबाट शून्य प्रायः प्रतिनिधित्व छ । राप्रपाका अध्यक्ष,उपाध्यक्ष र महामन्त्रीमा मधेशी अनुहार अटाउनै सकेका छैनन् ।

मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनको मतपरिणामले समावेशिता र समानुपातिकताको सिद्धान्तलाई धोती लगाइएको छ । नेपालमा खस आर्यको जनसंख्या ३१ दशमलव २० प्रतिशत छ तर प्रत्यक्ष र समानुपातिक गरी यस क्लस्टरबाट १सय ३१ जना अर्थात् झण्डै ४८ प्रतिशत प्रतिनिधिसभा सदस्य निर्वाचित भएका छन् । खस-आर्य, आदिवासी-जनजाति र मधेशी-थारु गरी नेपालमा मुख्यतः तीन जातीय क्लस्टर छन् । निर्वाचन परिणामतर्फ ध्यानाकर्षण गर्ने हो भन्ने प्रतिनिधिसभामा ३० दशमलव २० जनसंख्या भएको खस-आर्य क्लस्टरबाट ४८ प्रतिशत अर्थात् १३१ जना, २८ दशमलव ७ प्रतिशत जनसंख्या रहेको आदिवासी-जनजातिबाट २४ प्रतिशत अर्थात् ६७जना, १५ दशमलव ३० प्रतिशत जनसंख्या भएको मधेशीबाट ४० जना अर्थात् १५ प्रतिशत, ६ दशमलव ६० प्रतिशत जनसंख्या रहेको थारुबाट ५ प्रतिशत अर्थात् १५ जना प्रतिनिधिसभा सदस्य निर्वाचित भएका छन् । यसैगरी १३.८ प्रतिशत जनसंख्या रहेको दलित समुदायबाट ६ प्रतिशत अर्थात् १६ जना,४ दशमलव ४ प्रतिशत जनसंख्या भएको मुस्लिम समुदायबाट २ प्रतिशत अर्थात् ६ जना प्रतिनिधिमात्र चयन भएका छन् । मत परिणामले संवैधानिक रुपमा स्वीकार गरेको समानुपातिक समावेशी सिद्धान्तलाई धज्जी उडाएको छ।

राष्ट्रिय जनगणना २०७८ ले मुलुकमा आन्तरिक पलायन बढेको तथा हिमाल र पहाडबाट बसाई सरेर तराईमा घरजम गर्नेहरुको संख्यामा उल्लेख्य वृद्धि भएको प्रक्षेपण गरेको छ। २०६८ को जनगणनामा तराई मधेशको जनसंख्या १ करोड ३३ लाख १८ हजार ७ सय ५ (५० दशमलव २७ प्रतिशत) थियो । २०७८मा बढेर १ करोड ५६ लाख ६५ हजार २ सय २८ (५३ दशमलव ६६ प्रतिशत) पुगेको छ । कुल भूगोलमध्ये तराई मधेश १७ प्रतिशत भूमि ओगटेको छ । जवकि यसको जनसंख्या ५३ दशमलव ६१ प्रतिशत हो । ६८ प्रतिशत भूगोल ओगटेको पहाडको जनसंखया ४० दशमलव ३१ प्रतिशत तथा १५ प्रतिशत भूगोल ओगटेको हिमालको जनसंखया ६ दशमलव ०८ प्रतिशत अर्थात् १७ लाख ७२ हजार मात्र छ।

राजनीतिक दलहरुले गोरहा खेतको नामले देखेको तराई मधेश मुलुकको आधा भन्दा अधिक जनसंख्याको भार वहन गरेको छ । आर्थिक सबलता प्रदान गरेको छ । वैदेशिक रोजगारी मार्फत सबभन्दा बढी विप्रेषण दिएको छ तर यहाँको शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका इण्डेक्श दिनदिनै ओरालो लाग्दै छ । राजनीतिक रुपले यस भूगोलको प्रतिनिधित्व पातलिदै गएको छ । झण्डै चार महिनाको मन्थनपछि संघीय सरकार पूर्णता पाउने संघारमा छ । तर सत्ता साझेदार प्रमुख दल नेपाली काग्रेसले प्रस्ताव गरेका ८ मन्त्रीमध्ये एउटै पनि मधेशी मूलका छैनन् । माओवादी केन्द्रले एउटै पनि मधेशी मूलका नेतालाई मन्त्री बनाएको छैन । एकीकृत समाजवादी पार्टीको भागमा परेको दुई मन्त्रालयमापनि मधेशी मूलका नेताको नाम अटाउन सकेको छैन । त्यसैले मधेशी जनता सवाल गर्न थालेका छन् - आखिर गोरहा खेतका मुलाहरु किन फस्टाउन सकिरहेका छैनन् ?

> **राजनीतिक दलहरुले गोरहा खेतको नामले दरेको तराई मधेश मुलुकको आधा भन्दा अधिक जनसंख्याको भार वहन गरेको छ । आर्थिक सबलता प्रदान गरेको छ । वैदेशिक रोजगारी मार्फत सबभन्दा बढी विप्रेषण दिएको छ तर यहाँको शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका इण्डेक्श दिनदिनै ओरालो लाग्दै छ । राजनीतिक रुपले यस भूगोलको प्रतिनिधित्व पातलिदै गएको छ ।**

वित्तीय व्यवस्थापनको शुभारम्भ

टुडे समाचारदाता

जनकपुरधाम। युएसआईडीको सहयोगमा मधेश र लुम्बिनी प्रदेशमा सार्वजनिक वित्तीय व्यवस्थापन कार्यक्रम शुक्रबारदेखि शुरु भएको छ।

संघीय, प्रदेश र स्थानीय तहको वित्तीय व्यवस्थालाई सुदृढ गर्ने उद्देश्यले मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव र नेपालका लागि अमेरिकी राजदुत डिन थम्पसनले संयुक्त रुपमा सो कार्यक्रमको शुभारम्भ गरेका छन् ।

दुई करोड अमेरिकी डलर अर्थात करिब २ अर्ब ६२ करोड रुपैयाँको बजेट रहेको सो कार्यक्रमको अवधि ५/५ वर्षको रहने छ। सो अवसरमा मुख्यमन्त्री यादवले नेपालको विकास निर्माणदेखि लोकतन्त्र स्थापनामा अमेरिकाको सहयोग महत्वपूर्ण रहेको चर्चा गर्दै वित्तीय व्यवस्थापन कार्यक्रमले मधेशको विकास र समृद्धिमा टेवा पुग्ने बताए।

नेपालका लागि अमेरिकी राजदूत डिन थम्पसनले राजनीतिकर्मीहरु उत्तरदायी भएमात्र नेपालमा लोकतन्त्र फस्टाउने धारणा राखे।

युएसआईडी नेपालकी प्रमुख सेपिडे केभान्शाडले स्थानीय पालिकाको बजेटमा महिलाको आवश्यकतालाई प्राथमिमकमा राख्दै महिलाहरुको सीप तालिम व्यवासयका अवसर, किशोरी तथा आमाहरुको लागि शिक्षा र स्वास्थ्य जस्ता अधारभूत कार्यक्रमलाई अगाडि लैजानु बताइन ।

सार्वजनिक वित्तीय व्यवस्थापन क्रियाकलाप अनुसार युसएसआईडी र नेपाल सरकारले राष्ट्रिय सार्वजनिक वित्तीय सम्बन्धित संस्था र प्रणालीलाई सुदृढ गरी उन्नतितर्फ लगिने उद्देश्य रहेको छ।

नेपाल र अमेरिका सरकारबीच हुने क्रियाकलाप ७५ वर्ष भन्दा बढी मित्रतामा आधारित छ । यसले महिला र सिमान्तकृत समुदायहरुको सामावेशीकरणमा केन्द्रित भएर वित्तीय संघीयतालाई जनताको पक्षमा काम गर्ने गरी नेपाललाई सहयोग गर्दै आएको छ।

रकमसहित दुई जना पक्राउ

टुडे समाचारदाता

जनकपुरधाम । धनुषा जिल्लामा स्रोत नखुलेको रकमसहित दुई जना पक्राउ परेका छन् । १४ लाख स्रोत नखुलेको रकमसहित दुई जनालाई पक्राउ गरेको धनुषा प्रहरीले जनाएको छ ।

जनकनन्दनी गाउँपालिका-५ बनरभुल्लाबाट धनुषाधाम नगरपालिका- २ धनुषाधामका ५५ वर्षीय जोगिन्द्र यादव र सोही ठाउँका १९ वर्षीय कृष्णा साहलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय धनुषाका सूचना अधिकारी वेद प्रसाद गौत्तमले जानकारी दिएका छन् ।

उनीहरु जयनगरबाट जनकपुरतर्फ प्रदेश नं.२-०२-००३ प ७०४५ नम्बर प्लेटको मोटरसाइकलमा सवार भएर आइरहेका थिए ।

प्रहरीले चेक जाँच गर्ने क्रममा मोटरसाइकल चालक यादवको साथबाट दश लाख र साहको साथबाट चार लाख नेपाली रुपैयाँ बरामद भएको थियो । दुबै जना अहिले धनुषा प्रहरीको हिरासतमा छन् । उनीहरुमाथि थप अनुसन्धान भइरहेको छ । प्रहरीले बरामद गरेको रकम र मोटरसाइकल आवश्यक कारबाहीका लागि जनकपुर भन्सार कार्यालयमा पठाइएको छ ।

बजेट वितरणमुखी छ : मन्त्री यादव

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशका भूमि व्यवस्था तथा कृषि सहकारी राज्यमन्त्री सञ्जयकुमार यादवले प्रदेश सरकारको बजेटमाथि प्रश्न उठाएका छन् । राष्ट्रिय कृषक समूह महासंघ मधेश प्रदेशको दोस्रो अधिवेशनको उद्घाटन सत्रमा उनले सो कुरा बताएका छन् ।

'व्यवसायिक किसानहरु लक्षित प्रदेश सरकारको योजना छैन्,'उनले भने,'बजेटलाई वितरणमुखी होइन किसानमैत्री हुनुपर्छ ।' प्रदेश सरकारको मन्त्रीसँग काम गर्ने अधिकार र स्रोत साधन कम भएको उनले गुनासो पोखे । प्रदेश सरकारको सबै शक्ति मुख्यमन्त्री आफ्नै मातहत राखेको उनले आरोप लगाए ।

'सबै अधिकार कब्जा गरेर मुख्यमन्त्रीले राखेका छन् । जुन पार्टीको मुख्यमन्त्री छैन् । त्यो पार्टीको मन्त्रीले गतिलो काम गर्न सक्दैनन्,'उनले भने । मधेश सरकारको संसद पनि सुस्त गतिमा चलिरहेको उनको कथन छ । आयोजक संस्थाले आफ्नो संगठनको प्रतिवेदन पेश गरेका थिए । शुक्रबार अबेर राति सम्म संगठनको दोस्रो अधिवेशनले नयाँ कार्य समिति पनि चयन गरिने बताइएको छ ।

जातीय विभेदको अन्त्य गरौं ।

- जातीय आधारमा नभई मानिसको ज्ञान, सीप र कर्मको कदर गरौं ।
- मानिसको श्रेष्ठता उसको आचरणको निर्धारण गर्दछ ।
- कर्मद्वारा मानिसको श्रेष्ठता कायम गरौं ।
- जातीयविभेदलेपैदागरेकोअन्धविश्वासमानपरौं।
- छुवाछुत र भेदभावजन्य कार्य दण्डनीय हो, सचेत रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

विशिष्ट श्रेणीको स्तर कायम गरेको शिक्षण संस्था ।
Education for a better future...
In association with CG HOLDINGS CHAUDHARY GROUP
KATHMANDU WORLD SCHOOL
NEPAL TOUR - 2079
JANAKPUR
Date: 2079, Chaitra 18, Saturday
Venue: Mithila Yatri Niwas, Janakpur
Time: 3:00 PM Onwards
EVENT MANAGED BY: DREAM HighNepal

YAMAHA RACING
The call of the BLUE
POWER OF 5
THIS NEW YEAR 2080, UNLOCK THE POWER OF FIVE WITH YAMAHA
PRE-PURCHASE GUARANTEED CASHBACK UPTO Rs.50,000*
POST-PURCHASE GUARANTEED WILDCARD CASHBACK UPTO Rs.1 LAKH*
SHARE AND WIN WEEKLY*
iPhone 14 | Apple Watch | Apple AirPods
*T&C applied.
Scan QR or login to yamahapowerof5.com
Jay Maa Bhawani Auto Enterprises
Loharpatti-6, Mahottari
Contact No. 9804802743, 9801669563